# प्रतापपुर गाउँपालिका

*"हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास"*

# बल अधिकार प्रवर्द्धन तथा बालसंरक्षण सम्बन्धी कार्यविधि, २०८०

## प्रतापपुर गाउँकार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला,
बेलाटारी, नेपाल

वैशाख, २०८०

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :**

प्रतापपुर गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन, संवर्द्धन र परिपूर्ति गर्ने उद्देश्यले नेपालको संविधान तथा प्रचलित कानून, सम्बन्धित प्रदेश र स्थानीय तहको ऐनका व्यवस्था कार्यान्वयन गर्न, गराउन एवं बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न छुट्टै कार्यविधि बनाई कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अख्तियारी प्रयोग गरी प्रतापपुर गाउँकार्यपालिकाले यो कार्यविधि लागू गरेको छ ।

## परिच्छेद- १ :
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१)यो कार्यविधिको नाम "बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि प्रतापपुर गाउँकार्यपालिकाले पारित गरेपछि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अध्यक्ष" भन्नाले प्रतापपुर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।
(ख) "उपाध्यक्ष" भन्नाले प्रतापपुर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।
(ग) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।
(घ) "कार्यविधि" भन्नाले बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्छ ।
(ङ) "गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिका सम्झनु पर्छ ।
(च) "नियमावली" भन्नाले बालबालिकासम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।
(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम प्रतापपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा उक्त हैसियतमा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्छ ।
(ज) "बालकल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम प्रतापपुर गाउँपालिकामा नियुक्त भएको वा सो हैसियतमा कार्य गर्न तोकिएको अधिकारी सम्झनु पर्छ ।
(झ) "बालक्लब वा संस्था" भन्नाले बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणका लागि ऐनको दफा १० अनुरूप गठन भई यस कार्यविधिबमोजिम प्रतापपुर गाउँपालिका वा गाउँपालिकाको वडा कार्यालयमा दर्ता भएका बालक्लब वा संस्था सम्झनु पर्छ ।
(ञ) "बालकोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान गर्ने समेतका कार्यका लागि यस कार्यविधिको दफा ३६ बमोजिम स्थापना गरिएको बालकोष सम्झनु पर्छ ।
(ट) "बालगृह" भन्नाले ऐनको दफा ५२ बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्छ ।
(ठ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) नेपाल

(ङ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(ढ) "समाजसेवी वा बालमनोविज्ञ" भन्नाले नियमावलीको नियम ८३ बमोजिमको योग्यता पुगी गाउँपालिकामा सुचीकृत भई नियुक्त समाजसेवी वा बालमनोविज्ञ सम्झनु पर्छ ।

(ण) "समिति" भन्नाले यस कार्यविधिको दफा २२ बमोजिम गठन भएको गाउँपालिकास्तरीय बालअधिकार समिति सम्झनु पर्छ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिअन्तर्गत बनेको नियम वा मापदण्डअनुरूप तोकिएको सम्झनु पर्छ ।

## परिच्छेद- २ :
## उद्देश्य तथा सिद्धान्त

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) नेपालको संविधान तथा सङ्घीय, प्रादेशिक एवं गाउँपालिकाको ऐनमा भएका बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने, गराउने;

(ख) बालमैत्री स्थानीय शासन अवलम्बन एवं तत्सम्बन्धी प्रक्रिया पुरा गरी गाउँपालिकालाई बालमैत्री घोषणा गर्ने, गराउने;

(ग) बालबालिकामाथि हुन सक्ने सबै प्रकारंका भेदभाव, हिंसा, दुर्व्यवहार तथा शोषणको अन्त्य गर्ने र जोखिममा रहेका एवं पीडित वा प्रभावित बालबालिकाको संरक्षण सुनिश्चित गर्ने, गराउने । यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने; र

(घ) बालबालिकासँग सम्बन्धित विषयमा उनीहरुको सहभागिता अभिवृद्धि गर्ने, गराउने ।

**४. आधारभूत सिद्धान्त :** बालबालिकाका अधिकारको प्रवर्द्धन तथा बालसंरक्षण सुनिश्चित गर्दा देहायका सिद्धान्त अवलम्बन गरिनेछ :

(क) मर्यादापूर्ण जीवनको सम्मान :बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतमा उनीहरूको प्रतिष्ठा एवं मर्यादाको सम्मान गर्ने, गराउने ।

(ख) सर्वाङ्गीण विकासको सुनिश्चितता : प्रत्येक बालबालिकालाई उनीहरूको अन्तर्निहीत प्रतिभा, क्षमता र सम्भाव्यताको प्रस्फुटन हुन दिन अधिकतम अवसर उपलब्ध गराउने ।

(ग) सहभागिता र विचारको सम्मान : बालबालिकासँग सम्बन्धित विषयमा गरिने कुनै पनि निर्णय प्रक्रियामा उनीहरूका भावना एवं विचार अभिव्यक्त गर्ने अवसर दिई त्यसरी व्यक्त विचारको उचित सम्मान गर्ने, गराउने ।

(घ) हानिबाट बालबालिकाको संरक्षणको सुनिश्चितता : बालबालिकालाई कुनै पनि प्रकारका भेदभाव ( बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जात-जाति, लिङ्ग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, भौगोलिक क्षेत्र, सम्पत्ति, अपाङ्गता, जन्म वा यस्तै अन्य आधारमा हुने), हिंसा, दुर्व्यवहार, शोषण (आर्थिक शोषण, शारीरिक शोषण तथा यौनशोषणसमेत), परम्परागत हानिकारक अभ्यास र बेवास्ताबाट जोगाई उनीहरूको संरक्षण सुनिश्चित गर्ने ।

(ङ) बालबालिकाको सर्वोत्तम हित : बालबालिकासँग सम्बन्धित कुनै निर्णय गरिँदा उनीहरूको सर्वोत्तम हितलाई प्राथमिकता दिने ।

(च) गोपनीयता कायम गरिने : बालबालिकाको जीवनमा गम्भीर एवं नकारात्मक असर पर्ने कुनै पनि घटनामा नामसहित पहिचान खुल्ने व्यक्तिगत विवरण प्रकाशन गर्दा, गराउँदा प्रचलित कानूनबमोजिम गोपनीयता कायम गरिने ।

उमेश चन्द्र यादव
अध्यक्ष

## परिच्छेद-३ :
## बालअधिकारको प्रवर्द्धन, बालसंरक्षण गर्ने दायित्वसम्बन्धी व्यवस्था

४. **बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षण गर्नु पर्ने :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाको अधिकार प्रवर्द्धन एवं बालसंरक्षण कार्यका लागि ऐनको दफा ३ देखि १५ मा उल्लिखित बालबालिकाको अधिकार तथा दफा १६ देखि १९ बमोजिम बालबालिकाप्रतिको दायित्व निर्वाह गर्नु पर्नेछ ।

५. **बालबालिकाको जन्मदर्ता, खोप, स्वास्थ्य सेवा, पोषणको व्यवस्था गर्नुपर्ने :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाको प्रचलित कानूनबमोजिम जन्मदर्ता सुनिश्चित गर्न सरल, पहुँचयोग्य एवं उपयुक्त व्यवस्था अवलम्बन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका गभर्वती महिला, सुत्केरी आमा, नवजात शिशु र बालबालिकाका लागि नेपाल सरकारले निर्धारण गरेका खोप, स्वास्थ्य सेवा र पोषणसम्बन्धी व्यवस्था उपलब्ध गराउनु पर्नेछ ।

(३) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका खास समूहलाई लक्षित गरी स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम लागु गर्न सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका विद्यालयमा सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरी विद्यालय नर्स तथा मनोविर्शकर्ताको व्यवस्था गर्न सक्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिमको सेवा प्रवाह गर्न गाउँपालिकाले भौतिक पूर्वाधारको व्यवस्था गर्न, जनशक्ति, आवश्यक उपकरण तथा औषधि उपलब्ध गराउन सक्नेछ ।

६. **शिक्षाको अधिकार सुनिश्चित गर्नु पर्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सबै बालबालिकालाई उमेर सुहाउँदो हुनेगरी प्रारम्भिक बालविकास केन्द्र वा विद्यालयमा भर्ना गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सबै विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न देहायको व्यवस्था गर्नु पर्नेछ :

(क) प्रचलित कानून बमोजि स्थानीय पाठ्यक्रम लागु गर्नुका साथै मातृभाषामा पठनपाठनको व्यवस्था,
(ख) नियमित रूपमा बालमैत्री पद्धतिअनुरूप पठनपाठनको व्यवस्था,
(ग) बाल पुस्तकालय, बाल सिर्जना केन्द्र, खेलकुदको व्यवस्था,
(घ) विद्यालयमा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था,
(ङ) विद्यार्थीलाई लक्षित छात्रवृत्ति वितरणको व्यवस्था, र
(च) विद्यालयमा आवश्यक एवं पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका आर्थिक रूपमा विपन्न परिवारका र विशेष संरक्षणको आवश्यकता भएका विद्यार्थीलाई लक्षित छात्रवृत्ति, निःशुल्क पोशाक, शैक्षिक सामग्री लगायत अन्य सेवा उपलब्ध गराउन सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयमा ऐनको दफा ५७ बमोजिम बालसंरक्षणसम्बन्धी मापदण्ड लागू गर्न तथा शिक्षक, अभिभावक लगायत अन्य सरोकारवालाका लागि आचारसंहिता बनाई लागू गर्न प्राविधिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

(५) गाउँपालिकाले विद्यालयको शिक्षण-सिकाइ प्रक्रियामा बालबालिकाको सहभागिताको प्रवर्द्धन गर्न मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(६) गाउँपालिकाले विद्यालय छोड्ने दरलाई न्यून बनाउन तथा शिक्षण-सिकाइलाई प्रविधिमैत्री बनाउन विशेष कार्यक्रम लागु गर्न सक्नेछ ।

(७) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयमा विद्यार्थीलाई लक्षित कार्यक्रमको विवरण भएको यकिन गर्न तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नियमित अनुगमन गर्नु पर्नेछ ।

७. **बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गर्न सक्ने** : (१) गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ अनुरूप बालमैत्री स्थानीय शासन अवलम्बन गर्न तथा तत्सम्बन्धी प्रक्रिया एवं तोकिएका सूचक रस्थानीय सूचकहरूसमेत पूरा गरी बालमैत्री गाउँपालिका घोषणा गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन गरिएपछि अन्य कुराहरूको अतिरिक्त देहायको प्रबन्ध गरिनेछ :

(क) बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणको विषयलाई गाउँपालिकाको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गरिने,

(ख) बालबालिकको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा बालमैत्री स्थानीय शासनका सूचकहरू पूरा गर्नमा भएका उपलब्धिबारे वार्षिक रूपमा स्थितिपत्र तयार बाँकी काम पूरा गर्नका लागि कार्यक्रम तर्जुमा गरिने,

(ग) गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीलाई बालअधिकार, बालसंरक्षण, बालमैत्री स्थानीय शासन र त्यसका प्रक्रिया एवं सूचकहरूबारे अभिमुखीकरण एवं प्रशिक्षण दिइने,

(घ) समुदाय, वडा तथा गाउँपालिकास्तरमा बालमैत्री स्थानीय शासनको लागि संस्थागत संयन्त्रको विकास गरिने,

(ङ) समुदाय, वडा तथा गाउँपलिकास्तरमा साझेदार तथा सहयोगी निकाय तथा संस्थाको पहिचान गरी कार्यगत सञ्जाल बनाइने,

(च) गाउँपालिका तथा वडाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता प्रवर्द्धन गर्न बालक्लब वा संस्थाको बालभेला गरी उनीहरूका विचार लिने तथा सोको उचित सुनुवाइ गरिने,

(छ) बालबालिकालाई सेवा प्रदान गर्ने गाउँपालिका र सबै सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्रले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा गाउँपालिकाले तोकेअनुरूप बालमैत्री वा अपाङ्गता भएका बालबालिकामैत्री भएको यकिन गरिने,

(ज) समुदायमा लक्षित रूपमा क्षमता अभिवृद्धि गरी बालअधिकार परिपूर्ति गर्न, बालसंरक्षण सुनिश्चित गर्न तथा सामाजिक कुरीतिविरुद्धको अभियानमा परिचालित गरिने,

(झ) बालबालिकाको लागि लगानी योजना बनाई आवश्यक वजेट विनियोजन गरी सोको प्रभावकारी रूपमा परिचालन गरिने,

(ञ) खण्ड (च) र (छ) बमोजिमको सेवा प्रवाह गर्न, गराउन गाउँपालिकाले मापदण्ड बनाई लागू गर्न तथा सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्रलाई तत्सम्बन्धमा प्राविधिक सहयोग प्रदान गर्न सक्ने ।

(३) उपदफा (१) बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन गरिएपछि अन्य कुराहरूको अतिरिक्त गाउँपालिकाका विद्यालयमा देहायका प्रबन्ध गरिनेछ :

(क) विद्यालयको भवन एवं परिसर भौतिक रूपमा र विपदको जोखिमबाट सुरक्षित भएको यकिन गर्ने एवं पर्याप्त भौतिक संरचनाको व्यवस्था (पर्खाल वा घेराबारसहित) गरिने,

(ख) लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाइ, स्यानिटरी प्याड तथा प्राथमिक उपचार बाकसको व्यवस्था गरिने,

(ग) खेल मैदानको व्यवस्था तथा सबै उमेर, लिङ्ग र क्षमताका विद्यार्थीलाई उपयुक्त हुने खेलकुद सामग्री एवं पूर्वाधारको व्यवस्था गरिने,

(घ) बालबालिकाविरुद्ध हुन सक्ने भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, परम्परागत हानीकारक अभ्यास तथा वेवास्ता लगायतका कार्य एवं व्यवहारको रोकथाम गरिने,

उमेश चन्द्र यादव
अध्यक्ष

(ङ) विद्यालयमा स्वास्थ्य सेवाको प्रबन्ध तथा आवश्यकताअनुरूप विद्यार्थीहरूलाई मनोसामाजिक सहयोग प्रदान गर्ने व्यवस्था गरिने,

(च) पत्रु खाना (जंक फुड) निरूत्साहित गर्ने व्यवस्था गरिने, र

(छ) विद्यालयमा कुनै पनि खालका राजनीतिक गतिविधिमा रोक लगाउने व्यवस्था गरिने ।

(४) उपदफा (१) मा उल्लेखित निर्देशिकाले तय गरेका सूचकहरू तथा बालमैत्री स्थानीय शासन घोषणासम्बन्धी प्रक्रिया पूरा गरी गाउँपालिकालाई 'बालमैत्री गाउँपालिका' घोषणा गरिनेछ ।

८. **बालसंरक्षण सुनिश्चित गर्नु पर्ने** : (१) गाउँपालिकाले बालबालिकामाथि हुन सक्ने कुनै पनि प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण र (आर्थिक शोषण, शारीरिक शोषण तथा यौनशोषणसमेत) र परम्परागत हानिकारक अभ्यास लगायतका हानिबाट संरक्षण गर्न सचेतना एवं रोकथाममूलक कार्यक्रम र अभियान सञ्चालन गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा आधारभूत अधिकारबाट वञ्चित, एचआइभी एड्सबाट सङ्क्रमित एवं प्रभावित लगायत जोखिममा रहेका बालबालिकाको संरक्षण सुनिश्चित गर्न रोकथाममूलक, शीघ्र सम्बोधन एवं घटना व्यवस्थापनसम्बन्धी विशेष कार्यक्रम तथा कार्य-प्रक्रिया लागू गर्न सक्नेछ ।

(३) गाउँपालिकाले जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्न, संरक्षण गर्न एवं अन्य व्यवस्था गर्न सम्बन्धित निकाय तथा सेवा प्रदायकसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(४) गाउँपालिकाले भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण र (आर्थिक शोषण, शारीरिक शोषण तथा यौनशोषणसमेत) र परम्परागत हानिकारक अभ्यास लगायतका हानिबाट पीडित वा प्रभावित तथा उपदफा (२) बमोजिमका बालबालिकालाई ऐन तथा नियमावलीमा उल्लिखित सेवाका साथै देहायबमोजिमको सेवा उपलब्ध गराउन सक्नेछ :

(क) आपतकालीन उद्धार तथा राहत,

(ख) मनोसामाजिक परामर्श सेवा,

(ग) पारिवारिक मनोसामाजिक परामर्श सेवा,

(घ) कानूनी परामर्श तथा सहायता,

(ङ) शैक्षिक सहायता,

(च) सीपमूलक तालिम,

(छ) सामाजिक सुरक्षा तथा संरक्षण,

(ज) बाल हेल्पलाइन सेवा,

(झ) खेलकुद, मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलापको प्रबन्ध ।

(५) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने गाउँपालिकाका सबै सार्वजनिक निकाय, विद्यालय, सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्रसमेतले बालसंरक्षणसम्बन्धी उजुरी लिन र उजुरीको तत्काल कारबाहीको लागि संस्थागत तहमा ऐनको दफा ५७ बमोजिम बालसंरक्षणसम्बन्धी मापदण्ड निर्माण गरी लागु गर्नु पर्नेछ ।

(६) उपदफा (२), (३), र (५) को प्रावधान लागु गर्न गाउँपालिकाले सम्बन्धित निकाय, विद्यालय, सेवा प्रदायक निकाय वा संस्थालाई प्राविधिक सहयोग उपलब्ध गराउन तथा सहजीकरण गर्न सक्नेछ ।

९. **बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्नु पर्ने** : (१) गाउँपालिकामा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका वैकल्पिक हेरचाहको आवश्यकता भएमा बालबालिकालाई संरक्षण गर्न ऐनको

उमेश चन्द्र यादव
अध्यक्ष

दफा ४९ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित प्राथमिकताक्रम अनुरूप हेरचाहको प्रबन्ध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्न नसकिएमा ऐनको दफा ४९ को उपदफा (२) को खण्ड (घ) बमोजिम बालगृहमा राखी हेरचाहको प्रबन्ध गर्न सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि प्रचलित कानूनबमोजिम दर्ता भएका एवं अनुमति लिई सञ्चालित बालगृहसँग समन्वय गरी अल्पकालीन हेरचाह एवं संरक्षणको लागि सिफारिस गर्न सकिनेछ ।

(४) उपदफा (२) को प्रयोजनका लागि गाउँपालिकाले ऐन तथा नियमावलीको व्यवस्थाबमोजिम बालगृहको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) बालबालिकाको वैकल्पिक हेरचाहको निर्णय गर्दा बालकल्याण अधिकारीले ऐनको दफा ६२ को उपदफा (२) तथा यस कार्यविधिबमोजिम गाउँपालिकामा नियुक्त समाजसेवीको राय लिनु पर्नेछ ।

(६) बालकल्याण अधिकारीले प्रत्येक वर्षको कार्तिक, फाल्गुण र आषाढ मसान्तभित्र गरी तीन पटक वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अनुगमन गरी नियमावलीको नियम ५७ बमोजिम गर्नु, गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुगमन गर्दा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको उद्धार गर्नुपर्ने भएमा वा बालबालिकाको संरक्षण गर्ने परिवार वा संस्थाले कारण सहित निज बालबालिकाको हेरचाह एवं संरक्षण गर्न नसक्ने भनी बालकल्याण अधिकारीसमक्ष निवेदन दिएमा त्यस्ता बालबालिकाको हकमा अन्य स्वरूपको वैकल्पिक हेरचाहको प्रबन्ध गर्नु पर्नेछ ।

**१०. विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिमी अवस्थामा रहेका बालबालिकासम्बन्धी प्रतिवेदन तयार गर्नु पर्ने :** (१) गाउँपालिकाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, उनीहरूको हेरचाह तथा पालनपोषणको अवस्था यकिन गरी बालबालिकाको संरक्षण सुनिश्चित गर्न, हेरचाहको व्यवस्थापन गर्न तथा सेवा सुविधा उपलब्ध गराउन सहयोग पुग्नेगरी वार्षिक प्रतिवेदन तयार गर्ने एवं प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ ।

(२) बालकल्याण अधिकारीले उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गर्ने एवं अद्यावधिक गर्ने काममा समाजसेवी वा बालमनोविज्ञलाई परिचालन गर्न सक्नेछ ।

**११. बालबालिकाको सर्वोत्तम हित कायम गर्नु पर्ने :** (१) गाउँपालिका, अन्य सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा सेवा प्रदायकले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राखी काम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालबालिकाको सर्वोत्तम हित अनुरूप कार्य गर्न, गराउन गाउँपालिकाले सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा सेवा प्रदायकलाई प्राविधिक सहयोग एवं क्षमता अभिवृद्धि गर्न सहयोग गर्न सक्नेछ ।

## परिच्छेद- ४ :
## बालसहभागिता प्रवर्द्धन तथा बालक्लब वा संस्थासम्बन्धी व्यवस्था

**१२. बालक्लब वा संस्थाको प्रकार :** बालक्लब वा संस्था देहायबमोजिम तीन प्रकारका हुनेछन् :

(क) समुदायमा आधारित बालक्लब वा संस्था :

(अ) गाउँटोल, बस्ती वा वडाभित्रका कुनै स्थान विशेष वा भौगोलिक क्षेत्रमा बसोबास गर्ने बालबालिकालाई समेटेर गठन भएका बालक्लब वा संस्थालाई समुदायमा आधारित बालक्लब वा संस्था मानिनेछ, र

उमेश चन्द्र यादव
अध्यक्ष

(आ) समुदायमा आधारित बालक्लब वा संस्थाले सम्बन्धित भौगोलिक क्षेत्रभित्रका सबै उमेर, लिङ्ग, जातजाति, अपाङ्गता भएका र फरक आर्थिक अवस्था भएका परिवारका बालबालिकालाई समेटी सामाजिक तथा सांस्कृतिक विविधताअनुरूप समावेशी प्रतिनिधित्व एवं सहभागिता सुनिश्चित गर्नु पर्ने ।

(ख) विद्यालयमा आधारित बालक्लब वा संस्था :

(अ) विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालयमा गठन भएको बालक्लब वा संस्थालाई विद्यालयमा आधारित बालक्लब वा संस्था मानिनेछ, र

(आ) विद्यालयमा आधारित बालक्लब वा संस्थाले उक्त विद्यालयमा अध्ययनरत भिन्न उमेर, लिङ्ग, जातजाति, अपाङ्गता भएका र फरक कक्षामा पढ्ने विद्यार्थीलाई समेटी समावेशी प्रतिनिधित्व एवं सहभागिता सुनिश्चित गर्नु पर्नेछ ।

(ग) विशिष्टीकृत बालक्लब वा संस्था :

(अ) बालअधिकार तथा बालसंरक्षणसँग सम्बन्धित खास विषय जस्तै बालिकाहरूका सवाल, स्वास्थ्य तथा सरसफाइ, जलवायु परिवर्तन, बालश्रम आदिमा केन्द्रित भई कार्य गर्नेगरी समुदायमा गठन भएका बालक्लब वा संस्थालाई विशिष्टीकृत बालक्लब वा संस्था मानिनेछ,

(आ) गाउँपालिका भित्र रहेका अन्तर्राष्ट्रिय रूपमा स्थापित स्काउट, जुनियर रेडक्रस सर्कल, लियो क्लब लगायत स्वयंसेवी बालसमूहलाई समेत विशिष्टीकृत बालक्लब वा संस्था मानिनेछ, र

(इ) खण्ड (अ) बमोजिमको बालक्लब वा संस्थाको स्थापना तथा सञ्चालन समुदायमा आधारित बालक्लब वा संस्था सरह हुनेछ भने खण्ड (आ) बमोजिमको बालक्लब वा संस्थाको गठन, व्यवस्थापन तथा सञ्चालन स्वीकृत विधान वा स्थापित मान्यताबमोजिम हुनेछ ।

**१३. बालक्लब वा संस्थाको गठन :** (१) २५ जना वा सोभन्दा बढी बालबालिका भेला भई बालअधिकार प्रवर्द्धन गर्न तथा आफ्नो सरोकारको विषयमा कार्य गर्न समुदायस्तर, विद्यालयको तहमा बालक्लब वा संस्थाको गठन गर्न सक्नेछन् ।

(२) एक विद्यालयमा एक मात्र बालक्लब वा संस्था गठन गर्न सकिनेछ ।

(३) बालक्लब वा संस्थामा आबद्ध सबै बालबालिका उक्त बालक्लब वा संस्थाको साधारण सदस्यका रूपमा रहनेछन् ।

(४) बालक्लब वा संस्थाको साधारण सदस्यमध्येबाट देहायबमोजिमका पदाधिकारी तथा सदस्य रहेको एक कार्यसमिति गठन गर्न सकिनेछ :

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : १ जना

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) कार्यकारी सदस्य : ६ जनासम्म (कम्तिमा ३ जना बालिका पर्नेगरी)

(छ) सल्लाहकार : २ जनासम्म

(५) उपदफा (४) को खण्ड (क) र (ख) अनुरूपका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना बालिका हुनु पर्नेछ ।

(६) उपदफा (४) को खण्ड (च) अनुरूप कार्यकारी सदस्यको सङ्ख्या तोक्दा पदाधिकारी तथा सदस्यको कूल सङ्ख्या बिजोर अङ्क हुनेगरी तोक्नुपर्नेछ ।

(७) बालक्लब वा संस्थाको कार्यसमितिका पदाधिकारी तथा कार्यकारी सदस्यमा बालक र बालिकाको सङ्ख्या सकेसम्म बराबरी हुनेगरी राख्नु पर्नेछ । साथै, जनजाति समुदायका, दलित एवं अपाङ्गता भएका बालबालिकालाई कार्यसमितिमा प्रतिनिधित्व गराउनुपर्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

(८) बालक्लब वा संस्था तथा सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्यको चयन सकेसम्म सहमतिमा गरिनेछ र त्यसो हुन नसकेमा प्रजातान्त्रिक प्रक्रिया अपनाई निर्वाचन गरिनेछ ।

(९) बालक्लब वा संस्था तथा सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्यबन्न १२ वर्ष उमेर पूरा भएका तर १६ वर्ष उमेर पूरा नभएका बालबालिकालाई प्रोत्साहन गरिनेछ ।

(१०) बालक्लब वा संस्थाले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछन् । यस्तो उपसमितिमा ३ देखि ७ जनासम्म सदस्य रहन सक्नेछन् ।

(११) बालक्लब वा संस्थाको कार्यसमितिका पदाधिकारी तथा कार्यकारी सदस्यको पदावधि २ वर्षको हुनेछ र एकैजना व्यक्ति एउटै पदमा एक कार्यकालभन्दा बढी बस्न पाउने छैन ।

**१४. बालक्लब वा संस्थाको वडा वा गाउँपालिकास्तरीय सञ्जाल गठन गर्न सकिने :** (१) बालक्लब वा संस्थाको वडास्तरीय सञ्जालको गठन देहायबमोजिम हुनेछ :

(क) कुनै वडामा तीन वा सोभन्दा बढी बालक्लब वा संस्था भएमा र तिनले निर्ण गरेमा बालक्लब वा संस्थाको वडास्तरीय सञ्जाल गठन गर्न सकिनेछ,

(ख) वडास्तरीय बालक्लब वा संस्थाको सञ्जाल गठन गर्ने प्रयोजनका लागि वडाभित्र गठन भई दर्ता एवं नवीकरण भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत बालक्लबका १ जना बालक र १ जना बालिका गरी २ जना प्रतिनिधिलाई आमन्त्रण गरी एक बालभेला आयोजना गरिनेछ, र

(ग) खण्ड (ख) बमोजिमको भेलामा वडाभित्रका कम्तिमा ६० प्रतिशत बालक्लब वा संस्थाको प्रतिनिधित्व भई उपस्थितमध्ये ६० प्रतिशत प्रतिनिधिले निर्णय गरेमा बालक्लब वा संस्थाको वडास्तरीय सञ्जाल गठन गरिनेछ ।

(२) बालक्लब वा संस्थाको वडास्तरीय सञ्जालको कार्यसमितिमा देहायबमोजिमका पदाधिकारी तथा सदस्य रहन सक्नेछन् :

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : १ जना

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : ६ जनासम्म (कम्तिमा ३ जना बालिका पर्नेगरी)

(छ) सल्लाहकार : बालक्लब वा संस्थाको पूर्व सदस्यहरूमध्येबाट बालक्लब वा संस्थाको वडास्तरीय सञ्जालको कार्यसमितिले तोकेको १ जना र वडा समितिले तोकेको १ जनागरी जम्मा २ जना१ जना किशोरी पर्नेगरी),

(३) उपदफा (२) को खण्ड (क) र (ख) अनुरूपका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना बालिका हुनु पर्नेछ ।

(४) बालक्लब वा संस्थाको वडास्तरीय सञ्जालको सहजीकरण गर्न वडा समितिले १ जना सहजकर्ता तोक्न सक्नेछ ।

(५) बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालको गठन देहायबमोजिम हुनेछ :

(क) बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जाल गठन गर्ने प्रयोजनको लागि गाउँपालिकाका सबै वडामा गठन भई दर्ता एवं नवीकरण भएका बालक्लब वा संस्था र वडास्तरीय सञ्जालसमेत बाट १ जना बालक र १ जना बालिका गरी २ जनाको प्रतिनिधित्व हुनेगरी एक बालभेलाको आयोजना गरिनेछ, र

(ख) खण्ड (क) बमोजिमको बालभेलामा गाउँपालिकामा दर्ता एवं नवीकरण भएकामध्ये कम्तिमा ६० प्रतिशत बालक्लब वा संस्थाको प्रतिनिधित्व भई उपस्थितमध्ये ६० प्रतिशत प्रतिनिधिले निर्णय गरेमा बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जाल गठन गरिनेछ ।



उमेश चन्द्र यादव
अध्यक्ष

(५) बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालको कार्यसमितिमा देहायबमोजिमका पदाधिकारी तथा सदस्य रहन सक्नेछन् :
  क) अध्यक्ष : १ जना
  ख) उपाध्यक्ष : १ जना
  ग) सचिव : १ जना
  घ) सहसचिव : १ जना
  ङ) कोषाध्यक्ष : १ जना
  च) सदस्य : प्रत्येक वडाको प्रतिनिधित्व हुनेगरी ९ जना र विशेष क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी २ जनासमेत गरी कूल ११ जना ।
  छ) सल्लाहकार : बालक्लब वा संस्थाको पूर्व सदस्यमध्येबाट बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालको कार्यसमितिले तोकेको १ जना र गाउँपालिकाको बालबालिकाको विषय हेर्ने शाखाले तोकेको १ जनागरी जम्मा २ जना

(६) उपदफा (५) को खण्ड (क) र (ख) अनुरूपका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना बालिका हुनु पर्नेछ ।

(७) उपदफा (५) को खण्ड (च) बमोजिमका सदस्यको चयन गर्दा कम्तिमा ५ जना बालिका पर्नेगरी गरिनु पर्दछ ।

(८) बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालको पदाधिकारी तथा कार्यसमितिका सदस्यको पदावधि २ वर्षको हुनेछ र एकैजना व्यक्ति एउटै पदमा एक कार्यकालभन्दा बढी बस्न पाउने छैन ।

(९) बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालको सहजीकरण गर्न गाउँपालिकाको बालबालिकाको विषय हेर्ने शाखाले १ जना सहजकर्ता तोक्न सक्नेछ ।

**१५. बालक्लब वा संस्था र सञ्जालको दर्ता तथा नवीकरणसम्बन्धी व्यवस्था :** (१) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता एवं नवीकरण देहायबमोजिम हुनेछ :

  (क) वडाभित्र गठन भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृतमध्ये विषयगत बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता गाउँपालिकामा गरिनेछ,
  (ख) वडाभित्र गठन भएका बालक्लब वा संस्था तथा वडास्तरीय सञ्जालको खण्ड (क) बमोजिम दर्ता प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस दिनु पर्नेछ,
  (ग) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल दर्ता गर्नका लागि गाउँपालिकामा देहायका विवरण एवं कागजातसहित निवेदन दिनु पर्नेछ :
    (अ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल दर्ता गर्न चाहने बालबालिकाको नामथर, लिङ्ग, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगानासहितको विवरण,
    (आ) प्रस्तावित बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल गठन गर्ने सम्बन्धमा भएको छलफल एवं निर्णयको प्रतिलिपि,
    (इ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको उद्देश्य तथा सोमार्फत गर्न चाहेका मुख्य कामको विवरण,
    (ई) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिका पदहरूको विवरण ।
  (घ) खण्ड (ग) बमोजिम निवेदन आएमा गाउँपालिकाले बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता गरी, दर्ता किताबमा विवरण दाखिला गरी प्रमाणपत्र दिनु पर्नेछ,
  (ङ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको नवीकरण प्रत्येक दुई वर्षमा गर्नु पर्नेछ,

उमेश चन्द्र यादव
अध्यक्ष

(च) खण्ड (ङ) बमोजिम नवीकरणको लागि बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालले दर्ताको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र देहायको विवरण खुलाई गाउँपालिकामा निवेदन दिन सक्नेछन् :

(अ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण, र

(आ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालका सदस्य तथा कार्यसमितिका पदाधिकारी एवं सदस्यको विवरण ।

(छ) खण्ड (च) बमोजिम निवेदन आएमा गाउँपालिकाले बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको नवीकरण गरिदिई तत्सम्बन्धी अभिलेख दुरुस्त राख्नु पर्नेछ,

(ज) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता तथा नवीकरण निःशुल्क गरिनेछ ।

(२) समितिले आफ्नो गाउँपालिकाभित्र दर्ता, नवीकरण भई सञ्चालनमा रहेका बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको अभिलेख वार्षिक रूपमा अद्यावधिक गरी दुरुस्त राख्नु पर्नेछ ।

(३) समितिले बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको विवरण वार्षिक रूपमा गाउँपालिका, लुम्बिनी प्रदेशको प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पठाउनु पर्नेछ ।

(४) समितिले बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको प्रगति एवं उपलब्धिको प्रकाशन र प्रसारण गर्न सक्नेछ ।

**१६. बालसहभागिता प्रवर्द्धन गर्नु पर्ने :** (१) गाउँपालिकाले बालबालिकासँग सम्बन्धित विषयमा आवधिक र वार्षिक योजना तर्जुमा गर्दाको निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता गराउनेछ ।

(२) बालसहभागिता प्रवर्द्धन गर्नका लागि गाउँपालिकाले देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

(क) बालबालिकासँग सम्बन्धित वा उनीहरूको सरोकारका विषयमा कानूनले निषेध गरेको अवस्थामा बाहेक बालबालिकाले माग गरेको सूचना निःशुल्क उपलब्ध गराउने,

(ख) गाउँपालिकाले बालबालिका वा बालअधिकारसम्बन्धी आफ्नो योजना तर्जुमा प्रक्रिया र कार्यान्वयनका चरणमा बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालबाट बालबालिकाको प्रतिनिधित्व गराउने,

(ग) गाउँपालिका, वडा तह वा विद्यालयले बनाउने योजना तथा कार्यक्रममा बालक्लब वा संस्थाका प्रतिनिधिसमेत लाई सहभागी गराई बालभेलामार्फत बालबालिकालाई सामुहिक धारणा राख्ने अवसर उपलब्ध गराउने,

(घ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालसँग सहकार्य गरी विद्यालय तथा वडास्तरमा सह-शैक्षिक क्रियाकलापहरू सञ्चालन गरी बालसहभागितालाई प्रोत्साहन गरिने,

(ङ) गाउँपालिकामा दर्ता, नवीकरण भएका बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको क्रियाकलाप सञ्चालन गर्न सहजीकरण गर्ने निकाय वा संस्थामार्फत आर्थिक सहयोग उपलब्ध गराइने ।

(३) गाउँपालिकाले बालसहभागिता प्रवर्द्धन गरिँदा देहायका कार्य गर्न, गराउन रोक लगाउन सक्नेछ :

(क) बालबालिकाको अध्ययनमा लगातार बाधा पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो कार्यक्रममा बालबालिकालाई सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) आमाबाबु, संरक्षक, विद्यालय, गैरसरकारी संस्था, सरकारी निकाय वा राजनीतिक दलको अभिष्ट पूरा गर्न बालबालिकाको हितविपरित ऱ्याली, जुलुस, सभामा सहभागी गराउन,

(घ) आमाबाबु, संरक्षक, विद्यालय, गैरसरकारी संस्था, सरकारी निकायले कानूनबमोजिम आफूले गर्नुपर्ने काम बालबालिकालाई गराउन वा बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालमार्फत गराउन,

(ङ) कानूनले निषेध गरेका कुनै पनि कार्य, हानिकारक हुनसक्ने परम्परागत अभ्यास लगायतमा कुनै बालबालिका एवं बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालका सदस्यलाई सहभागी गराउन ।

(४) वडा समितिले वडास्तरमा रहेका बालक्लब वा संस्था तथा वडास्तरीय सञ्जालको सहजीकरणको प्रबन्ध गर्नु पर्नेछ ।

(५) गाउँपालिकाले बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालको सहजीकरणको प्रबन्ध गर्नु, गराउनु पर्नेछ ।

**१७. बालभेलाको आयोजना गर्न सकिने :** (१) गाउँपालिकाले बालबालिका तथा बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालका प्रतिनिधिसमेत लाई आमन्त्रण गरी प्रत्येक वर्ष बालभेला आयोजना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालभेलाको आयोजना गर्दा राती बास बस्नेगरी आफ्नो थातथलोभन्दा अन्यत्र जानुपर्ने भएमा बालबालिकाका आमाबाबु, अभिभावक वा संरक्षकसँग मञ्जुरी लिनुपर्नेछ र अभिभावकलाई हेरालुको रूपमा लैजानु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम हेरालु लैजाँदा बालिकाको हकमा भने महिला नै हुनु पर्नेछ ।

**१८. बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको काम, कर्तव्य र अधिकार :** (१) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) बालक्लब वा संस्थाको नेतृत्व तथा यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ख) बालबालिकाको हकहित एवं अधिकारको प्रवर्द्धन, सिर्जनात्मकता, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्नेगरी कार्यक्रम सञ्चालन गर्ने,

(ग) सदस्य बालबालिकाको क्षमता विकास गर्नेगरी हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि लगायतका क्रियाकलाप सञ्चालन गरी उनीहरूमा अन्तर्निहीत प्रतिभाको प्रस्फुटन गर्न सघाउने,

(घ) बालअधिकार, बालसंरक्षण, जीवन उपयोगी सीप, किशोरावस्थामा आउने परिवर्तन, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार एवं व्यक्तित्व विकाससम्बन्धी तालिममा बालबालिकालाई सहभागी गराउने,

(ङ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको तर्फबाट बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी अभियान वा क्रियाकलाप सम्पन्न गर्न आवश्यकताअनुसार उपसमिति गठन गरी पदाधिकारी तथा सदस्यलाई जिम्मेवारी दिने,

(च) बालबालिकाको सिकाइ एवं पठनपाठन संस्कृति बढाउन पुस्तकालय, वाचनालय, सूचना केन्द्र स्थापना एवं सञ्चालन गर्न गाउँपालिका वा अन्य सङ्घसंस्था वा निकायसमक्ष पैरवी गर्ने,

(छ) बालबालिका, उनीहरूका आमाबाबु, अभिभावक र परिवारका अन्य सदस्यलाई बालअधिकारबारे सचेतना बढाउन सघाउने,

(ज) समुदायमा स्वास्थ्य, सरसफाइ र वातावरणका क्षेत्रमा चेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने,

(झ) बालबालिका माथि हुन सक्ने भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, हेपाइ, परम्परागत हानिकारक अभ्यास तथा वेवास्ता लगायत बालअधिकार हननका घटनाको रोकथाम गर्न, कुनै घटना घटेमा

त्यसबारे उजुरी गर्ने संयन्त्र बनाउन तथा घटनाको सम्बोधन गर्न गाउँपालिका एवं अन्य निकायसँग सहकार्य एवं पैरवी गर्ने,

(ञ) समाजमा कला, साहित्यको प्रवर्द्धन गर्न, सामाजिक मुल्यमान्यता, सद्भाव एवं असल साँस्कृतिक चालचलन बढाउन, भाषा-संस्कृतिको जगेर्ना गर्न तथा सामाजिक कुरीति एवं बालअधिकार उल्लङ्घनविरूद्ध बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको तर्फबाट आवाज उठाउने,

(ट) आफ्नो समुदायमा विद्यालय भर्ना हुने उमेर समूहका बालबालिका विद्यालय भर्ना हुनबाट वञ्चित रहेका छन् कि भनी अनुगमन गर्ने र विद्यालय उमेरका बालबालिका विद्यालय नगएको पाइएमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्न पहल गर्ने,

(ठ) बालमैत्री वडा वा गाउँपालिका घोषणा गर्न बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले निर्धारण गरेका र गाउँपालिकाले निर्धारण गरेका सूचकहरूसमेत पूरा गर्न वडा वा गाउँपालिकालाई सघाउने,

(ड) आफ्नो टोल, समुदाय वा वडामा सञ्चालन भएका विद्यालय भर्ना अभियान, विद्यालयमा भयरहित शिक्षण-सिकाइ, जन्मदर्ता, खोप, पोषण, बालविवाहविरुद्ध, खुला दिसामुक्त क्षेत्र घोषणा लगायतका अभियानमा सहभागी हुने,

(ढ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालले आफ्ना सबै सदस्यहरूको विवरण रजिष्टरमा उतार गरी अद्यावधिक अभिलेख राख्ने ।

(२) बालक्लब वा संस्था एवं वडा वा गाउँपालिकास्तरीय सञ्जालले देहायबमोजिमका कार्य गर्न, गराउन हुँदैन :

(क) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको सदस्यता लिन वा तिनको प्रतिनिधित्व गर्न कुनै बालबालिकालाई बाध्य पार्न,

(ख) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता तथा विभिन्न जातजाति, धर्म, सम्प्रदायको बीचको सु-सम्बन्धमा द्वेष फैलाउने, जातीय भेदभाव वा छुवाछुत गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कुनै कार्य गर्न वा गराउन,

(ग) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको क्रियाकलाप गर्दा आफ्नो र अन्य सदस्यको पढाइमा निरन्तर असर पर्नेगरी गर्न,

(घ) कुनै राजनीतिक दलसँग आबद्ध हुन, राजनीतिक दल वा तिनका भातृ-सङ्गठनको पक्षपोषण गर्न वा विरोध गर्न तथा राजनीतिक दलको कार्यक्रममा सहभागी हुन,

(ङ) सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न तथा कसैलाई हानि वा क्षति पुग्ने कार्य गर्न वा त्यसो गर्न दुरुत्साहन गर्न,

(च) बालबालिकाको जीउज्यानमा खतरा पुग्ने खालका साहसिक खेल खेल्न वा त्यसमा भाग लिन,

(छ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालले अनुदान लिई ठूला र लामो समय लाग्ने खालका विकास परियोजना सञ्चालन गर्न, र

तर बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको तर्फबाट टोल विकास संस्था, सामुदायिक संस्था, सामुदायिक सिकाइ केन्द्र, विद्यालय वा वडा समितिले आर्थिक जिम्मेवारी बहन गर्नेगरी कार्यक्रम सञ्चालनका लागि अनुदान लिन सकिनेछ ।

**१९. बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालले सदस्य बालबालिकाको हकअधिकार प्रवर्द्धन गर्नु पर्ने :** (१) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल आफ्ना सदस्यहरूको उमेर, लिङ्ग, जातजाति, अपाङ्गता एवं अन्य विविधताअनुरूप समावेशी हुनु पर्नेछ ।

तर, यसले बालिकाहरू, अपाङ्गता भएका बालबालिका मात्र सदस्य रहनेगरी विशिष्टीकृत बालक्लब वा संस्था खोल्न र सञ्चालन गर्न रोक लगाएको मानिनेछैन ।

(२) बालक्लब वा संस्थाको सदस्यता तोकिएको योग्यता पुगेका सबै बालबालिकाले निर्धारित प्रक्रिया पूरा गरी लिन पाउनेगरी खुल्ला हुनु पर्नेछ ।

(३) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको नेतृत्व गर्ने अवसर सकेसम्म धेरै बालबालिकाले पाउनेगरी विधि तय गर्नु पर्नेछ,

(क) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालका कार्यसमितिका पदाधिकारी एवं सदस्यले बढीमा दुई कार्यकाल मात्र पदमा बसी अरु बालबालिकालाई नेतृत्व लिने अवसर दिनु पर्नेछ,

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए पनि बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालका कार्यसमितिका पदाधिकारी एवं सदस्यले एकै पदमा एक कार्यकालभन्दा बढी बस्न पाउने छैन ।

(४) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको सदस्यता लिन वा त्यसको प्रतिनिधित्व गर्न कुनै बालबालिकालाई बाध्य पार्न वा रोक लगाउन हुँदैन ।

**२०. बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको आर्थिक दायित्व :** (१) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालले आर्थिक कारोबार गर्नु हुँदैन र कुनै व्यक्ति वा संस्थाले बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाललाई आर्थिक दायित्व दिनु पनि हुँदैन ।

(२) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालसँग सहकार्य गर्ने संस्था वा निकायले तिनलाई सहजीकरण गर्ने टोल विकास संस्था, सामुदायिक संस्था, विद्यालय, वडा कार्यालय वा अन्य निकायले आर्थिक दायित्व बहन गर्नेगरी कार्यक्रम सञ्चालन गर्न दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जिम्मेवारी पाएको टोल विकास संस्था, सामुदायिक संस्था, विद्यालय, वडा कार्यालय वा अन्य निकायले तोकिएको लेखा प्रणालीबमोजिम लेखा दुरुस्त राख्नु पर्नेछ ।

**२१. बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्न सकिने :** (१) गाउँपालिकाको बालअधिकार समितिले देहायको अवस्थामा बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्न सक्नेछ :

(क) दर्ता एवं नवीकरण भएको मितिदेखि तीन आर्थिक वर्षसम्म नवीकरण नगरेमा,

(ख) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालका बहुमत सदस्यले बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल सञ्जाल खारेज गर्न गाउँपालिकामा निवेदन दिएमा,

(ग) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल कानूनविपरीतका कार्यमा संलग्न भएको प्रमाणित भएमा ।

(२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्नुअघि समितिले एक उपसमिति वा कार्यटोली गठन गरी वस्तुस्थिति अध्ययन गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको उपसमिति वा कार्यटोलीले दिएको लिखित प्रतिवेदनसमेतको आधारमा समितिले निर्णय गरी बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्नको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिसको आधारमा गाउँपालिकाले बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

## परिच्छेद-५ :
## गाउँपालिकास्तरीय बालअधिकार समितिसम्बन्धी व्यवस्था

**२२. गाउँपालिकास्तरीय बालअधिकार समितिको गठन :** (१) गाउँपालिकास्तरीय बालअधिकार समितिको गठन देहायबमोजिम हुनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको गाउँकार्यपालिकाको सदस्य -संयोजक

(ख) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(ग) वडाध्यक्षमध्येबाट गाउँपालिकाका अध्यक्षले तोकेको २ जना -सदस्य

(घ) गाउँकार्यपालिका सदस्यमध्येबाट गाउँपालिकाका उपाध्यक्षले तोकेको २ जना -सदस्य

(ङ) बालमैत्री स्थानीय शासन गाउँ समितिका अध्यक्ष वा निजले तोकेको उक्त समितिको पदाधिकारी वा सदस्य १ जना -सदस्य

(च) गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा निजले तोकेको सोही शाखाको कर्मचारी -सदस्य

(छ) गाउँपालिकाको स्वास्थ्य शाखाको प्रमुख वा निजले तोकेको सोही शाखाको कर्मचारी -सदस्य

(ज) गाउँपालिकाको महिला तथा बालबालिका शाखाको प्रमुख -सदस्य

(झ) गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको १ जना -सदस्य

(झ) गाउँपालिकामा रहेको प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ञ) बालअधिकारकर्मी, विशेषज्ञ वा बालअधिकारको क्षेत्रमा क्रियाशील सामाजिक संस्थाका प्रतिनिधिमध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको एकजना महिलासहित ३ जना -सदस्य

(ट) गाउँपालिकामा सूचीकृत समाजसेवी वा बालमनोविज्ञमध्येबाट गाउँपालिकाको उपाध्यक्षले तोकेको १ जना -सदस्य

(ञ) बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालले छनौट गरेको १ जना बालिका र १ जना बालक गरी २ जना प्रतिनिधि -सदस्य

(ट) बालकल्याण अधिकारी -सदस्य-सचिव

(२) समितिको संयोजक तथा सदस्यको कार्यकाल चार वर्षको हुनेछ र निजहरू पुनः नियुक्त हुन सक्नेछन् ।

(३) पदीय हैसियतमा समितिको सदस्यमा मनोनयन भएको कुनै सदस्य मनोनयनका बखत बहाल रहेको पदमा नरहेमा निज समितिको सदस्य रहने छैन ।

(४) उपदफा (३) बमोजिम वा अन्य कुनै कारणबाट समितिको सदस्य पद रिक्त भएमा सोको यथाशीघ्र पदपूर्ति गरिनेछ ।

तर, त्यस्तो पदपूर्ति नभएकै कारण समितिको काम, कारबाहीमा बाधा पुग्ने छैन ।

(५) उपदफा (१) को खण्ड ञ बमोजिम बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जाल गठन नभएको खण्डमा गाउँपालिकामा दर्ता भएका बालक्लब वा संस्थाले पालैपलो एक एक जना बालबालिका प्रतिनिधि मनोनयन गरी पठाउनेछन् ।

(६) उपदफा (१) को खण्ड ञ बमोजिमका प्रतिनिधि १८ वर्ष उमेर पूरा भएमा समितिका सदस्य रहने छैनन् । यसरी पद रिक्त भएमा बालक्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जालले छनौट गरी पठाएको प्रतिनिधि समितिको सदस्यको रूपमा रहनेछन् ।

(७) बालकल्याण अधिकारी नियुक्त नभएसम्म गाउँपालिकाको बालबालिका विषय हेर्ने शाखा (महिला तथा बालबालिका शाखा) प्रमुखले तोकेको सोही शाखाको कर्मचारीले सदस्य-सचिवको रूपमा काम गर्नेछ ।

(८) गाउँपालिकाका अध्यक्ष समितिको संरक्षक रहनेछन् ।

उमेश चन्द्र यादव
अध्यक्ष

२३. **समितिको बैठकसम्बन्धी व्यवस्था** : समितिको बैठकसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ ।

(ख) समितिको बैठक समितिको संयोजकको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(ग) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(ङ) समितिको संयोजकाले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(च) बैठकमा उपस्थित सदस्यको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) समितिको बैठकमा आवश्यकताअनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, सङ्घसंस्थाका प्रतिनिधि एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

तर, त्यसरी आमन्त्रित विज्ञले समितिको निर्णयमा मतदान गर्न पाउने छैन ।

(ज) समितिको बैठकको निर्णय समितिका सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राख्नेछन् ।

(झ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(ञ) समितिको बैठक तथा सञ्चालन खर्चसम्बन्धी व्यवस्था गाउँपालिकाको नियमानुसार हुनेछ ।

२४. **समितिको काम, कर्तव्य र अधिकार** :(१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न गाउँकार्यपालिकालाई सुझाव दिने,

(ख) प्रचलित ऐनका बालबालिकाको हकअधिकार तथा बालसंरक्षणसम्बन्धी प्रावधानको कार्यान्वयन गर्ने, गराउने;

(अ) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, र

(आ) बालबालिकाको हकअधिकार परिपूर्ति गर्न आवश्यक आर्थिक, भौतिक तथा मानवीय स्रोतको व्यवस्था गर्न सङ्घ तथा प्रदेश तहका निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) गाउँपालिका भित्रका जोखिमी अवस्थामा रहेका, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने र अद्यावधिक गर्ने;

(अ) गाउँपालिकामा बालबालिकासम्बन्धी तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा व्यवस्थापन गरी सूचनाप्रणालीको विकास गर्न एवं सुदृढीकरण गर्न सहयोग गर्ने, र

(आ) गाउँपालिकाभित्र रहेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हकअधिकार प्रवर्द्धन गर्न सङ्कलित तथ्याङ्कसमेतको आधारमा लक्षित कार्यक्रम लागू गर्न गाउँकार्यपालिकामा सिफारिस गर्ने,

(घ) बालबालिकामाथि हुन सक्ने कुनै पनि प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण (आर्थिक शोषण, शारीरिक शोषण तथा यौनशोषणसमेत) र परम्परागत हानिकारक अभ्यास लगायतका हानिबाट बालबालिकाको संरक्षण गर्न रोकथाममूलक, शीघ्र सम्बोधन गर्ने, उपचारात्मक तथा पुनर्स्थापना कार्य गर्ने, गराउने;

(अ) बालबालिकाका लागि जोखिमी अवस्थाको पहिचान गरी हुन सक्ने हानिको रोकथाम गर्न लक्षित कार्य गर्ने, गराउने,

उमेश चन्द्र यादव
अध्यक्ष

(आ) गाउँपालिकाभित्र हुनसक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बालयौनदुर्व्यवहार लगायतका बालहिंसाबाट पीडित वा प्रभावित बालबालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण र व्यवस्थापन तथा कानूनी कारवहीमा समन्वय, सहयोग र सहजीकरण गर्ने, र

(इ) गाउँपालिकाभित्र विद्यमान हानिकारक परम्परागत अभ्यास तथा कुप्रथा हटाउन सम्बन्धित निकाय, सङ्घसंस्था, सामाजिक कार्यकर्ता, सर्वसाधारणसमेत लाई परिचालित गरी अभियान सञ्चालन गर्ने ।

(ङ) बालबालिकाको क्षेत्रमा गाउँपालिकाको आवश्यकता पहिल्याई, तिनलाई प्राथमिकीकरण गरी बालबालिकासँग सम्बन्धित योजना तर्जुमा गर्न गाउँकार्यपालिकालाई सहयोग गर्ने;

(अ) बालबालिकाको हकहित संरक्षणको लागि विशेष कार्यक्रम, योजना तयार गरी लागू गर्न गाउँकार्यपालिकालाई सिफारिस गर्ने तथा गाउँपालिकाको कार्यक्रममा बालबालिकाका विषयलाई समावेश गर्न पैरवी गर्ने,

(आ) नेपाल सरकार, प्रदेश सरकारको योजना, वार्षिक नीति तथा कार्यक्रमअनुरूप प्राथमिकता निर्धारण गरी गाउँपालिकाभित्र बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणका लागि विशेष अभियान सञ्चालन गर्ने, गराउने, र

(इ) बालबालिकासम्बन्धी वार्षिक तथा आवधिक योजना, विशेष कार्यक्रम कार्यान्वयनको स्थितिको अनुगमन, मूल्याङ्कन र निरीक्षण गरी गाउँपालिकासमक्ष गरिनु पर्ने आगामी कामको सुझावसहित प्रतिवेदन पेश गर्ने,

(च) गाउँपालिकाभित्रका वडा, विद्यालय, संरचना तथा निकाय एवं तिनको कार्य-प्रक्रिया बालमैत्री बनाउन बालमैत्री स्थानीय शासन गाउँ समिति र गाउँकार्यपालिकासँग सहकार्य गर्ने,

(अ) बालमैत्री स्थानीय शासन अवलम्बन गर्न तथा बालमैत्री वडा तथा गाउँपालिका घोषणा गर्न गाउँकार्यपालिकालाई प्राविधिक सहयोग गर्ने, गराउने, र

(आ) गाउँपालिकाका निकायको कार्य-प्रक्रिया बालकेन्द्रित एवं बालमैत्री बनाउन भौतिक पूर्वाधार विकास तथा क्षमता अभिवृद्धि गर्न, गराउन गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

(छ) बालअधिकारको संवर्द्धन, प्रवर्द्धन तथा परिपूर्तिका लागि समन्वय, सहकार्य र साझेदारी विकास गर्ने;

(अ) गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत सङ्घसंस्था, बालक्लब, अस्थायी बालसंरक्षण सेवा लगायतका निकाय एवं संस्थाहरूको फेहरिस्त तयार पारी ती निकाय एवं संस्थाहरूसँग कार्यमूलक समझदारी विकास गर्ने,

(आ) बालअधिकार प्रवर्द्धन, बालसंरक्षण तथा संवर्द्धन गर्न चेतना अभिवृद्धि गर्ने र सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने, गराउने, र

(इ) गाउँपालिका भित्र हुनसक्ने बाढी, पहिरो, हुरी बतास, भूकम्प र आगलागी लगायतका प्राकृतिक प्रकोप, मानव सिर्जित सङ्कट तथा स्वास्थ्यजन्य सङ्कट वा महामारीबाट बालबालिकालाई जोगाउन उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने, गराउने ।

(ज) गाउँपालिकामा क्रियाशील बालक्लब वा संस्था तथा बालक्लबको सञ्जालको कार्यमा सघाउने तथा बालसहभागिता प्रवर्द्धन गर्ने, गराउने;

(अ) बालक्लब तथा संस्था तथा सञ्जालको सहजीकरण गर्न वडा समिति तथा वडास्तरीय बालअधिकार समितिलाई प्राविधिक सहयोग गर्ने तथा क्षमता अभिवृद्धिमा सघाउने,

(आ) गाउँपालिकास्तरीय बालभेला गर्न आर्थिक, भौतिक तथा मानव स्रोत एवं सहजीकरण सहयोग उपलब्ध गराउने, र

(इ) गाउँपालिकाले बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रमको तर्जुमा गर्दा बालबालिकाको सहभागिताको पद्धति तथा अभ्यासलाई सुदृढ बनाउने ।

(झ) समितिको कार्य सम्पादन गर्न जनशक्ति र आर्थिक स्रोतसाधनको व्यवस्था मिलाउने, समुदाय परिचालन गर्ने, क्षमता अभिवृद्धि गर्ने र समितिबाट सम्पन्न गरिएका काम कारबाहीको अभिलेख दुरुस्त राख्ने;

(ञ) गाउँकार्यपालिकाले तोकेका बालबालिकासम्बन्धी अन्य कार्यहरू गर्ने, गराउने ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार बालकल्याण अधिकारी वा उपसमिति वा कार्य टोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२५. उपसमिति वा कार्य टोली गठन गर्न सक्ने :** (१) समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारू रूपले सञ्चालन गर्न समाजसेवी तथा बालमनोविज्ञ, शिक्षक, चिकित्सक तथा बालअधिकारकर्मी समावेश भएको उप-समिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उप-समिति वा कार्यटोली गठन गर्दा त्यस्तो उप-समिति वा कार्यटोलीको कार्यादेश (काम, कर्तव्य र अधिकार) तथा कार्य-अवधि तोक्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको उप-समिति वा कार्यटोलीका संयोजक वा सदस्यहरूले तोकिएका कार्य गरेबापत गाउँपालिकाको नियमानुसार समितिले तोकेबमोजिम सेवा सुविधा लिन सक्नेछन् ।

**२६. बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशित गर्नु पर्ने :** (१) समितिले प्रत्येक वर्ष देहायबमोजिमका सूचना तथा विवरणहरूसमेत संलग्न गरी बालबालिकाको स्थिति प्रतिवेदन तयार गर्नु पर्नेछ :

(क) बालबालिकाको कुल जनसङ्ख्या र लैङ्गिक, जातीय तथा अपाङ्गताका आधारमा गरिएको वर्गीकरण,

(ख) बालबालिकाको शैक्षिक स्थिति र उनीहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच,

(ग) बालबालिकाको परिवार भए, नभएको तथा उनीहरूको हेरचाह तथा पालनपोषणको स्थिति,

(घ) बालबालिकामाथि हुन सक्ने जोखिम तथा त्यसलाई न्यूनीकरण गर्न अवलम्बन गरिएका उपायहरू लगायत दुर्घटनामा परेका तथा मृत्यु भएका बालबालिकाको विवरण,

(ङ) बालक्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको सङ्ख्या तथा गाउँपालिकाको निर्णय-प्रक्रियामा तिनको सहभागितासम्बन्धी विवरण,

(च) गाउँपालिकामा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरूको विवरण,

(छ) सङ्घीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको कार्यक्रमअन्तर्गत सम्पन्न एवं बालकोषबाट सम्पन्न भएका कार्यको प्रगति विवरण तथा अन्य संस्था एवं साझेदारहरूबाट सम्पन्न गरिएका कामहरू, र

(ज) अन्य आवश्यक विवरण ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा समितिले गाउँपालिकामा क्रियाशील संस्थाको सहयोग लिन वा कुनै उप-समिति वा कार्यटोलीलाई स्थिति प्रतिवेदन तयार गर्ने जिम्मा दिन सक्नेछ ।

(३) यस कार्यविधिबमोजिम स्थिति प्रतिवेदन तयार गर्दा आवश्यक सूचनाजानकारी उपलब्ध गराउनु गाउँपालिकाका पदाधिकारी, कर्मचारी, विभिन्न शाखा एवं साझेदार संस्था सबैको कर्तव्य हुनेछ ।

(४) स्थिति प्रतिवेदनमा बालबालिकाको वैयक्तिक पहिचानसम्बन्धी विवरण प्रकाशित गर्दा निजको गोपनीयताको हक उल्लङ्घन नहुने गरी गर्नु पर्नेछ ।

(५) यस दफाबमोजिमको प्रतिवेदन वार्षिक रूपमा लुम्बिनी प्रदेशको प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषद्मा पठाउनुपर्नेछ र प्रतिवेदनको विद्युतीय प्रति गाउँपालिकाको वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ ।

**२७. वडास्तरीय बालअधिकार समिति :** (१) गाउँपालिकाले आफ्ना प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्नका लागि प्रत्येक वडामा एक बालअधिकार समिति गठन गर्न सक्नेछ ।

(२) वडा बालअधिकार समितिमा देहायबमोजिमको अध्यक्ष र सदस्यहरू रहनेछन्
(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य -संयोजक
(ख) वडा सदस्यमध्ये दुईजना महिला पर्नेगरी वडा अध्यक्षले तोकेको ३ जना -सदस्य
(ग) वडामा रहेका विद्यालयका प्रधानाध्यापक वा शिक्षकमध्येबाट वडा समितिले मनोनित गरेको २ जना (उपलब्ध भएमा १ जना महिला पर्नेगरी) -सदस्य
(घ) समाजसेवी वा बालमनोविज्ञमध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य
(ङ) वडा तहमा बालबालिकाको हक अधिकार प्रवर्द्धन एवं बालसंरक्षणका क्षेत्रमा क्रियाशील संस्थामध्येबाट वडा समितिले मनोनित गरेको १ जना महिलासहित २ जना -सदस्य
(च) वडामा रहेको प्रहरी कार्यालयका प्रमुख वा निजले तोकेको प्रहरी कर्मचारी -सदस्य
(छ) वडामा रहेका आमा समूह वा महिला स्वास्थ्य स्वयंसेविकामध्ये वडा समितिले मनोनित गरेको २ जना -सदस्य
(ज) वडास्तरीय बालक्लब वा संस्थाको सञ्जालले मनोनित गरेको १ जना बालक र १ जना बालिका गरी २ जना -सदस्य
(झ) वडा सचिव -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड ज बमोजिम बालक्लब वा संस्थाको वडास्तरीय सञ्जाल गठन नभएको खण्डमा वडाभित्रका दर्ता भएका बालक्लब वा संस्थाले पालैपलो एक एक जना बालबालिका प्रतिनिधि मनोनयन गरी पठाउनेछन् ।

(४) वडा बालअधिकार समितिका संयोजक र सदस्यको कार्यकाल चार वर्षको हुनेछ ।

(५) पदीय हैसियतमा वडा बालअधिकार समितिमा सदस्य मनोनित भएका सदस्य मनोनयनका बखत बहाल पदमा नरहेमा निज वडा बालअधिकार समितिको सदस्य रहने छैनन् ।

(६) उपदफा (५) बमोजिम वा अन्य कुनै कारणवश वडा बालअधिकार समितिको सदस्य पद रिक्त भएमा सोको यथाशीघ्र पदपूर्ति गरिनेछ ।
तर, त्यस्तो पदपूर्ति नभएकै कारण वडा बालअधिकार समितिको काम कारबाहीमा बाधा पुग्नेछैन ।

**२८. वडा बालअधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :** वडा बालअधिकार समितिको बैठकसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) बैठक कम्तीमा दुई महिनामा एक पटक वडा बालअधिकार समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर, वडा बालअधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

(ख) वडा बालअधिकार समितिको बैठक सो समितिको संयोजकको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(ग) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयको सूची तीन दिन अगावै वडा बालअधिकार समितिका सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) वडा बालअधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(ङ) बैठकमा उपस्थित सदस्यको बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(च) वडा बालअधिकार समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(छ) वडा बालअधिकार समितिको बैठकमा आवश्यकताअनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, सङ्घसंस्थाका प्रतिनिधि एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

उमेशचन्द्र यादव
अध्यक्ष

(ज) वडा बालअधिकार समितिको निर्णय संयोजक र सदस्य-सचिवले प्रमाणित गरी सदस्य-सचिवले अभिलेख राख्नेछ ।

(झ) वडा बालअधिकार समितिको बैठकसम्बन्धी अन्य कार्यविधि गाउँपालिकास्तरीय बालअधिकार समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(झ) वडा बालअधिकार समितिको बैठक भत्ता तथा सञ्चालन खर्च गाउँकार्यपालिकाको निर्णयबमोजिम हुनेछ ।

(ञ) वडा कार्यालयले वडा बालअधिकार समितिको सचिवालयको रूपमासमेत कार्य गर्नेछ ।

**२९. वडास्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार :** (१) वडास्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) तथ्याङ्क सङ्कलन गर्ने,

(अ) वडामा रहेका सबै बालबालिका, विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका, जोखिममा रहेका, उद्धार गरिनुपर्ने तथा पुनर्स्थापना भएका बालबालिकाको खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र समितिमा पेश गर्ने,

(आ) वडाभित्र आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेर समूह (अर्थात १३ वर्ष उमेर पूरा नभएका) का सबै बालबालिका विद्यालयमा आएको, पढाइलाई निरन्तरता दिएको तथा कानूनले तोकेको उमेर नपुगेका बालबालिका श्रममा संलग्न नभएको यकिन गर्न निरन्तर अनुगमन गरी समितिसँग सहकार्य गरी बालबालिकाको अधिकार प्रत्याभूति गर्ने, गराउने, र

(इ) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत निकाय, सामाजिक संस्था, बालक्लब वा संस्था तथा तिनको सञ्जाल तथा समितिहरूको फेहरिस्त तयार पार्ने, त्यसलाई अर्धवार्षिक रूपमा अद्यावधिक गरी अभिलेख राख्नुका साथै एकप्रति समितिमा पेश गर्ने,

(ख) वडातहमा बालबालिकाको क्षेत्रमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

(अ) वडाबाट प्रस्तावित हुने बालअधिकारसम्बन्धी योजना, नीति तथा कार्यक्रम सहभागितामूलक ढङ्गबाट निर्माण गर्न वडा समितिलाई प्राविधिक सहयोग गर्ने, गराउने,

(आ) वडा तहमा बालअधिकारसम्बन्धी सचेतना अभिवृद्धि, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(इ) वडामा सञ्चालित बालबालिकासम्बन्धी योजनाको कार्यान्वयनको स्थितिको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने, र

(ई) वडामा बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणका लागि सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन वडा बालअधिकार समिति तथा समितिसमक्ष पेश गर्ने,

(ग) वडालाई बालमैत्री बनाउने प्रक्रियाको नेतृत्व लिने,

(अ) वडातहमा बालअधिकारका लागि कार्यरत सरकारी निकाय, सङ्घसंस्था, परियोजना तथा सेवाहरूको नक्साङ्कन गर्ने, र

(आ) बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणका लागि बहुपक्षीय निकायसँग समन्वय तथा सहकार्य गर्ने,

(घ) बालबालिकाविरुद्धको हानि वा बालअधिकार हननबारे आएका सूचना तथा उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने,

(अ) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरूको सङ्कलन गर्ने र रायसहित समितिसँग परामर्श गरी सम्बन्धित निकायमा पठाउने,

(आ) पीडित एवं प्रभावित बालबालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा समितिको निर्देशनअनुरूप कार्य गर्ने,

(इ) वडास्तरमा बालश्रम, बालविवाह, बेचबिखन, ओसारपसार, बालबालिकाविरूद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बालसंरक्षणसम्बन्धी कार्य गर्ने, गराउने, र

(ई) समितिसँग आवश्यक समन्वय गरी विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाका लागि बालकोषसमेत बाट आवश्यक सहयोग प्रदान गर्नका लागि सिफारिस गर्ने ।

(ङ) वडामा रहेका बालक्लब तथा संस्था वा बालक्लबको सञ्जालको क्रियाशीलता बढाउन सहजीकरण गर्ने, गराउने तथा बालसहभागिता प्रवर्द्धन गर्ने;

(अ) वडामा रहेका बालक्लब, सञ्जाल, समूहको सूची तयार गरी समितिमा पेश गर्ने,

(आ) वडा तहको योजना निर्माणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न वडास्तरीय बालभेलाको आयोजना गर्ने तथा गाउँपालिकास्तरीय बालभेलाको सञ्चालनमा सघाउने,

(इ) बालबालिका, अभिभावक, स्थानीय सङ्घसंस्थासमेत को सहभागितामा बालबालिकासम्बन्धी दिवसहरू मनाउने (त्यसका लागि बालबालिकाको निम्ति रचनात्मक, सिर्जनात्मक कार्यक्रमहरू गर्ने, गराउने)

(च) वडा बालअधिकार समितिका बैठकका निर्णयहरू एवं सम्पन्न गरिएका सबै काम कारबाहीहरूको अभिलेख अद्यावधिक गरी दुरुस्त राख्ने र अर्धवार्षिक रूपमा समिति र गाउँपालिकामा पेश गर्ने;

(छ) गाउँपालिका, समिति तथा वडा समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।

**३०. समिति तथा वडा बालअधिकार समितिका सदस्यको आचारसंहिता :** (१) समितिका संयोजक एवं सदस्यका लागि गाउँपालिकाका अध्यक्षले तथा वडा बालअधिकार समितिका संयोजक एवं सदस्यका लागि वडा अध्यक्षले निज पदमा बहाल रहने अवधि उल्लेख गरी परिचय पत्र जारी गर्न सक्नेछ ।

(२) समिति तथा वडा बालअधिकार समितिका संयोजक तथा सदस्यको व्यक्तिगत विवरण गाउँपालिकाले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

(३) समिति र वडा बालअधिकार समितिका संयोजक तथा सदस्यले गाउँपालिकाले जारी गरेको बालसंरक्षण मापदण्ड एवं सोअन्तर्गतको आचारसंहितामा सहमति जनाई लिखित रूपमा सहीछाप गरी त्यसको पालना गर्नु पर्नेछ ।

## परिच्छेद-६ :
## बालकल्याण अधिकारी, समाजसेवी, बालमनोविज्ञ, तथा सेवा प्रदायकसम्बन्धी व्यवस्था

**३१. बालकल्याण अधिकारीको नियुक्ति :** (१) गाउँपालिकाले ऐनको दफा ६१ बमोजिम एकजना बालकल्याण अधिकारी स्थानीय तहको कर्मचारी पदपुर्ति प्रक्रियाअनुसार नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारी नियुक्त हुनको लागि नियमावलीको नियम ८१ (२) बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त कम्तीमा पनि सहायकस्तर पाँचौं तह सरह हुनेछ ।

(३) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म गाउँपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा सोही शाखाको कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त बालकल्याण अधिकारीले समितिको सदस्य-सचिवको रूपमासमेत काम गर्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

३२. **बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :** ऐन र नियमावलीमा उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त बालकल्याण अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) गाउँपालिका भित्रका जोखिममा परेका बालबालिका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको सम्बन्धमा बालकल्याण अधिकारीले देहायको कार्य गर्नेछ :

(अ) आवधिक रूपमा स्थिति अनुगमन गर्ने, तथ्याङ्क सङ्कलन गर्ने र प्रतिवेदन तयार गर्ने, गराउने,

(आ) तत्काल उद्धार गर्न आवश्यक देखिएमा बालबालिकाको उद्धार गर्ने, र

(इ) बालबालिकालाई स्वास्थ्योपचार, अस्थायी संरक्षण सेवा, मनोसामाजिक परामर्श, शिक्षाको प्रबन्ध गर्नुका साथै उनीहरूका आमाबाबु वा परिवारलाई लक्षित गरी पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलनको प्रबन्ध लगायतका कार्य गर्ने, गराउने ।

(ख) गाउँपालिकाभित्र वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको विवरण तयार गरी ऐनको दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्ने,

(ग) खण्ड (ख) बमोजिम वैकल्पिक हेरचाहमा पठाइएका बालबालिकाको व्यक्तिगत विवरणसहितको फाइल गाउँपालिकाको तर्फबाट अद्यावधिक गरी अभिलेख राख्ने,

(घ) गाउँपालिकाभित्र वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको आमाबाबु वा अभिभावक पत्ता लागेमा पारिवारिक पुनर्मिलन गराउनु निजको सर्वोत्तम हितमा हुन्छ वा हुँदैन यकिन गर्न बालकल्याण अधिकारीले समाजसेवी तथा बालमनोविज्ञलाई अध्ययन गर्न लगाई प्रतिवेदन लिने,

(ङ) खण्ड (घ) बमोजिमको प्रतिवेदनमा पारिवारिक पुनर्मिलन गराउनु बालबालिकाको हितमा हुन्छ भन्ने देखिएमा सम्बन्धित स्थानीय तहको प्रतिनिधिको रोहबरमा निजको पुनर्मिलन गराउने,

(च) प्रचलित कानूनबमोजिम बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा तथा धर्मपुत्र वा धर्मपुत्रीका रूपमा राख्दा त्यस्तो प्रबन्ध निज बालबालिकाको हितमा रहेको यकिन गर्न ऐनको दफा १६ र नियमावलीको नियम १५ अनुरूप हुनेगरी सर्वोत्तम हित निर्धारण गर्ने,

(छ) गाउँपालिकामा भएका बालअधिकार उल्लङ्घनको घटनाबाट पीडित वा प्रभावित बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण कार्य गर्ने र त्यसो गर्दा घटना व्यवस्थापनसम्बन्धी कार्यप्रक्रिया अवलम्बन गर्ने,

(ज) प्रचलित कानूनबमोजिम बालबालिकाको माथवर नियुक्तिका लागि आवश्यक प्रक्रिया पुऱ्याई अदालतमा निवेदन दिन वडा समितिलाई सघाउने, र

(झ) गाउँकार्यपालिका तथा समितिबाट प्रत्यायोजित अन्य काम गर्ने, गराउने ।

३३. **समाजसेवी तथा बालमनोविज्ञको सूची तथा नियुक्ति :**(१) गाउँपालिकामा रही समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने नियमावलीको नियम ८३ बमोजिम योग्यता पुगेको व्यक्तिले समितिसमक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा बालमनोविज्ञलाई सूचीकृत गर्नका निमित्त समितिले इच्छुक व्यक्तिलाई निवेदन पेश गर्न आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी एक्काइस दिनको म्याद दिई आम-सञ्चारका माध्यमद्वारा सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

(३) समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले उपदफा (२) बमोजिमको सूचनाअनुरूप योग्यता खुलेको प्रमाण तथा व्यक्तिगत विवरण सहित समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदनको जाँचबुझ गर्दा समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकलाई समाजसेवी तथा बालमनोविज्ञका रूपमा कार्य गर्न समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम समाजसेवी तथा बालमनोविज्ञको सूचीकृत गर्ने, गराउने प्रयोजनका लागि गाउँपालिकाले कुनै शुल्क लिने छैन ।

(६) उपदफा (४) बमोजिम सूचीकृत समाजसेवी तथा बालमनोविज्ञमध्येबाट गाउँपालिकामा रही बालसंरक्षणसम्बन्धी कार्य गर्न तथा सेवा प्रवाह गर्न समितिको सिफारिसमा गाउँपालिकाले आवश्यक सङ्ख्यामा समाजसेवी तथा बालमनोविज्ञ नियुक्त गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम नियुक्त समाजसेवी तथा बालमनोविज्ञको पारिश्रमिक तथा सेवा सुविधाको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

(८) ऐनको दफा ६२ को उपदफा (४) बमोजिम बाल अदालतलाई आवश्यक पर्ने समाजसेवी तथा बालमनोविज्ञ नियुक्तिको लागि नामावली माग भई आएमा गाउँपालिकामा सूचीकृत समाजसेवी तथा बालमनोविज्ञमध्येबाट नाम छनौट गरी पठाउनु पर्नेछ ।

(९) समाजसेवी तथा बालमनोविज्ञको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा सेवा सुविधा गाउँपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

**३४. समाजसेवी तथा बालमनोविज्ञको काम, कर्तव्य र अधिकार :** (१) ऐन तथा नियमावलीमा तोकिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त **समाजसेवी तथा बालमनोविज्ञले गाउँपालिकाको** बालकल्याण अधिकारीको प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा बालबालिकाको हकअधिकार प्रवर्द्धन एवं बालसंरक्षणसम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नु पर्नेछ ।

(२) समिति तथा गाउँपालिकासँग परामर्श गरी बालकल्याण अधिकारीले गाउँपालिकामा नियुक्त समाजसेवी तथा बालमनोविज्ञको कार्यविवरण तयार गरी निजको दैनन्दिन कामको सुपरीवेक्षण गर्नु पर्नेछ ।

**३५. सेवा प्रदायकको नक्साङ्कन तथा सूचीकरण :** (१) गाउँपालिकामा रही बालबालिकाको हकहित र अधिकारको प्रवर्द्धन, बालसंरक्षण कार्य गर्न ईच्छुक सामाजिक संस्था गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था सूचीकृत गर्न समितिले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरण खुलाई १५ दिनको सार्वजनिक सूचना जारी गर्नेछ ।

(३) गाउँपालिकामा सूचीकृत हुन ईच्छुक सेवा प्रदायकले उपदफा (२) बमोजिमको सूचनामा तोकिएका कागजात तथा संस्थागत विवरण उल्लेख गरी समितिसमक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदनको जाँचबुझ गरी समितिले तोकिएको योग्यता पुगेका संस्थालाई सेवा प्रदायकको रूपमा समितिको अभिलेखमा सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका सेवा प्रदायकलाई समितिले आवश्यक सम्झौता गरी लक्षित सेवा प्रवाह गर्न सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद ७
## बालकोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**३६. बालकोष :** (१) विशेष संरक्षणका आवश्यकता भएका, जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवा, स्वास्थ्योपचार, शैक्षिक प्रबन्ध, मनोसामाजिक सहयोग, राहत, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापनासमेत गराउन गाउँपालिकास्तरमा एक बालकोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहायबमोजिमका रकम रहनेछन् :

(क) गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट,

(ख) बालसंरक्षणका लागि सङ्घीय सरकार एवं प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) स्वदेशी सङ्घसंस्थाबाट प्राप्त हुने सहायता,

(ङ) निजी व्यवसायी तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(च) गाउँपालिकाको न्यायिक समितिबाट बालबालिकाविरूद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम,



उमेश चन्द्र यादव
अध्यक्ष

(छ) अन्य कुनै स्रोतबाट भएको आम्दानी वा प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानूनबमोजिम स्वीकृति लिनु पर्नेछ ।

३७. **कोष सञ्चालन उपसमिति :** (१) गाउँपालिकामा बालकोष सञ्चालनका लागि देहायबमोजिमको संयोजक र सदस्य रहेको एक बालकोष सञ्चालन उपसमिति रहनेछ :

(क) गाउँपालिकास्तरीय बालअधिकार समितिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिकास्तरीय बालअधिकार समितिका सदस्यमध्ये गाउँपालिकाका अध्यक्षले तोकेको १ जना -सदस्य

(ग) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य

(ङ) बालकल्याण अधिकारी -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार बालअधिकार तथा बालसंरक्षणका क्षेत्रमा क्रियाशील निकाय वा संस्थाका प्रतिनिधि एवं बालअधिकार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

३८. **बालकोष सञ्चालन उपसमितिको काम, कर्तव्य र अधिकार :** बालकोष सञ्चालन उपसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) तत्कालीन समयमा गाउँपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार एवं संरक्षणका लागि स्थापना भई सञ्चालनमा रहेको गाउँपालिकास्तरीय बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बालउद्धार कोष तथा त्यस्तै प्रकारका कोषमा रहेको रकम खोजी गरी यस कार्यविधि बमोजिम स्थापना भएको बालकोषमा जम्मा गर्ने, गराउने,

(ख) जोखिम अवस्थामा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने एवं बालबालिकालाई राहत दिनको लागि कोषको रकम उपयोग गर्नको लागि निर्णय गर्ने,

(ग) समितिसँग समन्वयमा कोषको रकम वितरण गर्न वा खर्च गर्न मापदण्ड बनाई लागु गर्ने,

(घ) स्वीकृत कार्यक्रममा बालकोषको परिचालन गर्ने, गराउने र बालकोषको रकम सदुपयोग गर्ने,

(ङ) बालकोष सञ्चालन उपसमितिबाट कार्यान्वयन भएका कार्यक्रम एवं उपलब्ध गराइएको सहयोगको अनुगमन गर्ने, गराउने,

(च) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गरी कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने, र

(छ) जोखिममा रहेका बालबालिकाको संरक्षण सम्बन्धमा समितिले तोकेका अन्य काम गर्ने, गराउने ।

३९. **बालकोष सञ्चालन उपसमितिको बैठकसम्बन्धी व्यवस्था :** (१) बालकोष सञ्चालन उपसमितिको बैठक आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बालकोष सञ्चालन उपसमितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सदस्यलाई दिनु पर्नेछ ।

(३) बालकोष सञ्चालन उपसमितिको दुई तिहाइ सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) बालकोष सञ्चालन उपसमितिको बैठकको अध्यक्षता सो उपसमितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

(६) बालकोष सञ्चालन उपसमितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) बालकोष सञ्चालन उपसमितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) बालकोष सञ्चालन उपसमितिको बैठकको अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्थामा बालकोष सञ्चालन उपसमितिको संयोजक र सदस्य-सचिवको सहमतिले आवश्यक रकम निकासा गरी खर्च गर्न सकिनेछ ।

तर त्यसरी खर्च गरिएको रकम त्यसपछि लगत्तै बसेको बालकोष सञ्चालन उपसमितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**४०. बालकोषको उपयोग र खर्चको सीमा :** (१) बालकोषको उपयोग देहायबमोजिमको प्रयोजनको लागि गर्न सकिनेछ :

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थाका बालबालिकाको उद्धार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, शैक्षिक प्रबन्ध लगायतका सेवा प्रदान गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी गर्न, परिवार सुदृढीकरण गर्न, बालबालिकालाई परिवारमा पुनर्मिलन गर्न एवं सामाजिक पुनर्स्थापना गर्न, गराउन,

(ङ) बालबालिकाको हकहितबारे कोष सञ्चालन उपसमितिले तोकेबमोजिम अन्य काम गर्न गराउन,

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालन उपसमितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

(३) बालकोषको रकम देहायका अवस्थामा बालकोष सञ्चालन उपसमितिको निर्णयबाट खर्च गर्न सकिनेछ :

(क) हिंसापीडित बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि एक पटकमा अधिकतम रू.७,५०० (रू. सात हजार पाँचसय) सम्म ।

(ख) हिंसापीडित बालबालिकाको लागि अस्थायी आवास, मनोसामाजिक परामर्श, यातायात तथा कानूनी सहायतासमेत दिनका लागि एक पटकमा अधिकतम रू. ११,५०० (रू. एघार हजार पाँचसय) सम्म ।

(ग) जोखिममा रहेका बालबालिकालाई तत्काल राहत, शैक्षिक प्रबन्ध, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षणका लागि एक पटकमा प्रति बालबालिका अधिकतम रू. ७,५०० (रू. सात हजार पाँचसय) सम्म ।

(घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि आवश्यक आर्थिक सहयोग रकमको सीमा तथा भौतिक सहयोग समितिले निर्धारण गरेको मापदण्डबमोजिम हुनेछ ।

(४) बालकोषको रकम तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रम आदिमा खर्च गर्न पाइने छैन ।

**४१. बालकोषको खाता सञ्चालन :** (१) बालकोषको रकम बालकोष सञ्चालन उपसमितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त 'क' वा 'ख' वर्गको बैंकमा खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि बालकोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**४२. कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको आयव्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखा परीक्षण गाउँपालिकाको लेखा परीक्षकले गर्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

## परिच्छेद-८:
## विविध

**४३. आमाबाबु विहीन तथा आमाबाबुको संरक्षण नपाएका बालबालिकालाई आर्थिक सहायता दिन सक्ने :**

(१) गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी आमाबाबु विहीन तथा आमाबाबुको संरक्षण नपाएका देहायका बालबालिकालाई मासिक निर्वाह भत्ताको रुपमा आर्थिक एवं भौतिक सहायता प्रदान गर्न सक्नेछ :

(क) आमाबाबु दुवैको मृत्यु भएका बालबालिका,

(ख) आमाबाबु दुवैको संरक्षण नपाई आफैं नै अभिभावक सरह भई बसोबास गरिरहेका बालबालिका,

(ग) आमा वा बाबुमध्ये कुनै एक गुमाएका, आमा वा बाबुमध्ये कुनै एकजना आपाङ्गता भएका, परिवारको आर्थिक अवस्था कमजोर भई सामुदायिक विद्यालयमा निःशुल्क अध्ययन गरिरहेका बालबालिका, र

(घ) आमाबाबु थुनामा रहेको वा बन्दी भएको कारणले आमाबाबु बाहेक बृहद परिवारका अन्य सदस्यको अभिभावकत्वमा रहेका र आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका ।

(२) उपदफा (१) बमोजिम आर्थिक सहायता पाउनको लागि वडा कार्यालयको अभिलेखमा आमाबाबु विहीन तथा आमाबाबुको संरक्षण नपाएका बालबालिका भनी जनाई वडा अध्यक्षले सिफारिस गरेको हुनु पर्नेछ ।

**४४. बालबालिकाको अधिकार एवं बालबालिकाप्रतिको दायित्वको संरक्षण र प्रचलन गराउन सक्ने :** ऐनको दफा ६४ बमोजिम कसैले बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा गाउँपालिकाको न्यायिक समितिसमक्ष निवेदन दिई सम्बन्धित व्यक्ति, परिवार, संस्था वा निकायलाई अधिकार प्रचलन गराउन वा दायित्व पूरा गर्न, गराउन माग गर्न सकिनेछ ।

**४५. स्रोतको व्यवस्थापन :** गाउँपालिका तथा वडाले बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी कार्यको योजना बनाई कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नुपर्नेछ ।

**४६. प्रोत्साहन एवं पुरस्कारको व्यवस्था :** बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षण कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब वा संस्था वा तिनको सञ्जाल तथा सरकारी निकाय एवं सङ्घसंस्थालाई गाउँपालिकाले पुरस्कार प्रदान गर्न सक्नेछ ।

**४७. कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको सम्बन्धमा कुनै व्याख्या गर्न परेमा वा कार्यान्वयनका क्रममा बाधा अड्काउ फुकाउन आवश्यक भएमा त्यसो गर्ने अधिकार गाउँकार्यपालिकाको हुनेछ ।

**४८. संशोधन गर्न सकिने :** यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**४९. खारेजी र बचाउ :** (१) यो कार्यविधिका प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(२) गाउँपालिकाले यो कार्यविधि लागु हुनुभन्दा अघि गरेका बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी कार्यहरू यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।

(३) यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालबालिकासम्बन्धी प्रचलित नेपाल कानून तथा लुम्बिनी प्रदेश सभाले बनाएको कानूनमा भएका बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

***

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-१ : बालक्लब/संस्था वा सञ्जालको गठन, दर्ता/नविकरण, प्रमाणपत्र तथा प्रगति विवरण आदिको ढाँचा/नमूना

१क) बालक्लब/संस्था वा सञ्जाल दर्ता (वा आवद्धता) गर्नको लागि दिइने निवेदनको ढाँचा

मिति :

श्री ............................. .......ज्यू,
वडा समितिको कार्यालय/प्रतापपुर गाउँपालिकाको कार्यालय,
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, लुम्बिनी प्रदेश, बेलाटारी, नेपाल ।

विषयः– बालक्लब वा संस्था वा सञ्जाल दर्ता (वा आवद्धता) गरिदिने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको प्रतापपुर गाउँपालिका वडा नं. ..... को ................. ................. ................................ गाउँटोल/विद्यलयमा बालक्लब/संस्था वा वडास्तरीय वा गाउँपलिकास्तरीय सञ्जाल दर्ता गरी बालअधिकारको प्रवर्धन गर्न, गराउन हामी (यसै निवेदनसाथ नामथर उल्लेख भएका) ........ जना बालबालिका सम्मिलित भई ................. ................. ................. ................. नामको बालक्लब/संस्था वा सञ्जाल दर्ता गर्न (वा आवद्धता गर्न) इच्छुक भएकाले देहायबमोजिमको कागजात संलग्न गरी बालअधिकार प्रवर्द्धन तथा संरक्षणसम्बन्धी कार्यविधि, २०८० को दफा १५ बमोजिम दर्ता गरिदिनुहुन अनुरोध छ ।

संलग्न गरिएका कागजातहरू :

१. बालक्लब/संस्था वा सञ्जाल दर्ता गर्न चाहने बालबालिकाको नामथर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालयको सिफारिस पत्र,
२. बालक्लब/संस्था वा सञ्जालको उद्देश्य तथा सोमार्फत गर्न चाहेका मुख्य कामको विवरण सहितको विवरण पत्र (नमूना यसै कार्यविधिमा उल्लेख गरिएको छ),
३. बालक्लब/संस्था वा सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया लगायतको विवरण ।

निवेदकको
दस्तखत :
नामथर :
पद :
सम्पर्क नं. :

उमेश चन्द्र यादव
अध्यक्ष

१ख)  बालक्लब/संस्था तथा सञ्जालको दर्ता र/वा आवद्धताको प्रमाणपत्रको नमूना

**श्री प्रतापपुर गाउँपालिका,**
**गाउँकार्यपालिकाको कार्यालय,**
**नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला,**
**बेलाटारी, लुम्बिनी प्रदेश, नेपाल**

**दर्ता वा आवद्धताको प्रमाणपत्र**

दर्ता नं.:
(वा आवद्धता नं.):                                        मिति :- ..............................

यस प्रतापपुर गाउँपालिकाको वडा नं. ..... को ...... ........................ गाउँटोल वा विद्यालयमा गठन भएको ............................ .............. ............. बालक्लब/संस्था वा सञ्जाललाई प्रतापपुर गाउँपालिकाको बालअधिकार प्रवर्द्धन तथा संरक्षणसम्बन्धी कार्यविधि, २०८० को परिच्छेद-४ को व्यवस्थाअनुरूप विधिवत दर्ता गरी यो दर्ता वा आबद्धताको प्रमाणपत्र प्रदान गरिएको छ ।

बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षण कार्यमा नेपालको संविधान, संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ र बालबालिकासम्बन्धी नियमावली, २०७८ एवं प्रतापपुर गाउँपालिकाको बालअधिकार प्रवर्द्धन तथा संरक्षणसम्बन्धी कार्यविधि, २०८० को मर्मअनुरूप बालबालिकाको हकअधिकार प्रवर्द्धनमा तथा यस गाउँपालिकाको बालमैत्री स्थानीय शासन अभियानमा यहाँहरूको बालक्लब/संस्था वा सञ्जालको सक्रिय सहभागिता रहनेछ भन्ने अपेक्षा राखेका छौं ।

सफलताको शुभकामना ।

प्रमाणित गर्ने पदाधिकारी/कर्मचारीको

दस्तखत :
नामथर :
पद :
गाउँपालिकाको छाप :

१ग) बालक्लब/संस्था एवं वडास्तरीय वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता, नवीकरण तथा आवद्धताको अभिलेख किताव

श्री प्रतापपुर गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला,
बेलाटारी, लुम्बिनी प्रदेश, नेपाल

बालक्लब/संस्था एवं वडास्तरीय वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता, नवीकरण तथा आवद्धताको अभिलेख किताव

| क्र.सं. | बालक्लब/संस्था वा सञ्जालको नाम | ठेगाना | बालक्लब/संस्था वा सञ्जालको सदस्य संख्या | | संरक्षकको नाम | बालक्लब/संस्था वा सञ्जाल स्थापना भएको मिति | बालक्लब/संस्था वा सञ्जालको सम्पर्क फोन नं. | दर्ता वा आवद्धता नं. र मिति | प्रमाणित गर्नेको नामथर, पद र हस्ताक्षर | प्रमाणपत्र बुझ्नेको नामथर र पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

उमेश चन्द्र यादव
अध्यक्ष

१घ) बालक्लब/संस्था वा सञ्जाल नियमको ढाँचा

**क) बालक्लब/संस्था वा वडा वा गाउँपालिकास्तरीय सञ्जालको परिचय**

नाम : श्री ......................................................................................................

ठेगाना : ......................................................................................................

दर्ता वा आवद्धता नं. : ..................

**ख) बालक्लब/संस्था वा वडा वा गाउँपालिकास्तरीय सञ्जालको**

**ख१. उद्देश्यहरू :**

१. ......................................................................................................

२. ......................................................................................................

३. ......................................................................................................

४. ......................................................................................................

५. ......................................................................................................

**ख२. काम गर्ने मुख्य विषयहरू**

१. ......................................................................................................

२. ......................................................................................................

३. ......................................................................................................

४. ......................................................................................................

**ग) बालक्लब/संस्था वा वडा वा गाउँपालिकास्तरीय सञ्जालको संगठन**

१. सदस्य बन्नको लागि आवश्यक योग्यता :

......................................................................................................

......................................................................................................

२. सदस्यता लिनको लागि अपनाउनुपर्ने प्रक्रिया :

......................................................................................................

......................................................................................................

३. कार्यसमितिको पदाधिकारी वा सदस्य चयन गर्ने तरिका :

......................................................................................................

......................................................................................................

४. कार्यसमितिको पदाधिकारी वा सदस्यमा चुनिनको लागि आवश्यक योग्यता :

......................................................................................................

......................................................................................................

५. कार्यसमितिको पदावधि : ......................................................................................................

**घ) बालक्लब/संस्था वा वडा वा गाउँपालिकास्तरीय सञ्जालको सदस्यले पालना गर्नुपर्ने नियमहरू**

१. सदस्यले पालन गर्ने नियमहरू :

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

२. कार्यसमितिको पदाधिकारी वा सदस्यले पालन गर्नुपर्ने नियमहरू :

......................................................................................................

......................................................................................................

प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

३. बैठकको सययमा पालन गर्ने नियमहरू :

................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................

**ङ) बालक्लब/संस्था वा वडा वा गाउँपालिकास्तरीय सञ्जालको आर्थिक स्रोत :**

१. सदस्यले दिने स्वेच्छिक रकम (शुल्क) : ................... ....................... ..... ...................

................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................

२. कोषको संकलनका केही उपायहरू :

................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................

३. अन्य सहायता र आर्थिक श्रोत प्राप्त गर्ने सम्बन्धी नियमहरू :

................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................

४. कोष वा आम्दानी जम्मा गरी राख्ने ठाउँ र त्यसको लागि जिम्मेवार व्यक्ति :

................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................

५. आम्दानी र खर्च विवरण राख्नको लागि तोकिएको जिम्मेवार वयस्क व्यक्ति, संस्था वा निकायबारेको विवरण :

................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................

**च) अन्य विषयहरू (उल्लेख गर्नुहोस्)**

................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................

प्रस्तुत विवरण भर्ने व्यक्ति (हरू)को नमथर

................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................
................... ....................... ..... ................... ....................... ..... ................................

**धन्यवाद ।**



उमेश चन्द्र यादव
अध्यक्ष

१घ) बालक्लब/संस्था वा वडा वा गाउँपालिकास्तरीय सञ्जालको कार्यप्रगति विवरण फारमको ढाँचा

बालक्लब/संस्था वा वडा वा गाउँपालिकास्तरीय सञ्जालको नाम :
बालक्लब/संस्था वा वडा वा गाउँपालिकास्तरीय सञ्जालको ठेगाना:

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:
सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :
दर्ता वा आवद्धता नं.: ............................

कार्य-प्रगति विवरण

| सम्पन्न कार्यक्रमको नाम | बालअधिकारको मुख्य विषयगत क्षेत्र | कार्यक्रम भएको | | सहभागी संख्या | | खर्च भएको रकम र खर्चको स्रोत |
|---|---|---|---|---|---|---|
| | | स्थान | मिति | बालबालिका | वयस्क | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| विवरण भर्नेको नामथर, पद र हस्ताक्षर | | |
|---|---|---|
| बालबालिकाको नामथर | पद (वा जिम्मेवारी) | हस्ताक्षर |
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| वयस्क सहयोगी वा सहजकर्ताको नामथर | पद (वा जिम्मेवारी) | हस्ताक्षर |
| १. | | |
| २. | | |

मिति : ....................................................

## अनुसूची-२ : बालबालिकासम्बन्धी ऐन, २०७५ र बालबालिकासम्बन्धी नियमावली, २०७८ केही व्यवस्था

### परिच्छेद-२ : बालबालिकाको अधिकार

**३. बाँच्न पाउने अधिकार :** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछन् ।

**४. नाम, राष्ट्रियता र पहिचानको अधिकार :** (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ ।

(३) जबरजस्ती करणी वा प्रचलित कानूनबमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ ।

(५) प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछ ।

(७) पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ ।

(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ ।

(९) बाबु र आमा दुवैको ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

(१०) उपदफा (९) बमोजिम संरक्षकले नाम थर राखि दिँदा बालकल्याण अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

(११) कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु, आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्नेछ ।

(१२) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन ।

**५. भेदभाव विरूद्धको अधिकार :** (१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।

(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन ।

(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

उमेश चन्द्र यादव
अध्यक्ष

(४) कुनै महिला र पुरूषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गरिने हुँदैन ।

६. **बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार :**(१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ ।
तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गर्नु हुँदैन ।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ ।

(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ ।

(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ ।

७. **संरक्षणको अधिकार :**(१) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।

(३) कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन ।

(४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषणविरूद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।

(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन ।

(८) कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन ।

(९) चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्नु हुँदैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन् ।

उमेश चन्द्र यादव
अध्यक्ष

८. **सहभागिताको अधिकार :** आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ ।

९. **अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार :** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ ।

१०. **संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार :** (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

११. **गोपनीयताको अधिकार :** (१) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियोको सिर्जना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउन हुँदैन ।

(३) बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन ।

तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ ।

१२. **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार :** (१) अपाङ्गता भएका बालबलिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ ।

(२) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालीम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ ।

१३. **पोषण तथा स्वास्थ्यको अधिकार :** (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ ।

(२) गर्भवती महिला र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्डअनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य उपचार नि:शुल्क रूपमा प्राप्त गर्ने अधिकार हुनेछ ।

१४. **खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार :** (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रूचीअनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ ।

(२) प्रत्येक विद्यालयले पठनपाठन बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूची र आवश्यकताअनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्थाअनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ ।

१५. **शिक्षाको अधिकार :** (१) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनबमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत् शिक्षा पाउने अधिकार हुनेछ ।

(४) दलित बालबालिकालाई प्रचलित कानूनबमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

## परिच्छेद-३: बालबालिकाप्रतिको दायित्व

१६. **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने :** (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ ।

(३) यस ऐनबमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिएबमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(४) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र नीजि सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

१७. **परिवार वा संरक्षकको दायित्व :** (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन ।

उमेश ... अध्यक्ष

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन ।

**१८. राज्यको दायित्व :** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ ।

**१९. सञ्चार क्षेत्रको दायित्व :** बालअधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ ।

## परिच्छेद-५: बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना

**४८. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका :** (१) देहायका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछन् :

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रियाअन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारीसमक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिकाविरूद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई आवश्यकताअनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिएबमोजिम हुनेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

४९.वैकल्पिक हेरचाहको व्यवस्था : (१) दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको बालबालिकालाई देहायको प्राथमिकताको आधारमा बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ :

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

(घ) बालगृह ।

(३) वैकल्पिक हेरचाहसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

**बालबालिकासम्बन्धी नियमावली, २०७८ को केही व्यवस्था**

**परिच्छेद-१०: बालकल्याण अधिकारी, समाजसेवी र बालमनोविज्ञ**

८१. **बालकल्याण अधिकारी :** (१) प्रत्येक स्थानीय तहले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा बालसंरक्षणको कार्य गर्नको लागि एकजना बालकल्याण अधिकारी नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त हुने बालकल्याण अधिकारीको योग्यता देहायबमोजिम हुनु पर्नेछ :

(क) नेपाली नागरिक,

(ख) नगरपालिकाको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा कानून वा सामाजिक अध्ययन विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरी बालअधिकार वा बालसंरक्षणको क्षेत्रमा काम गरेको अनुभव र गाउँपालिकाको लागि कम्तिमा प्रमाणपत्र तह वा सो सरहको उपाधि हासिल गरी बालअधिकार वा बालसंरक्षणको क्षेत्रमा काम गरेको अनुभव भएको,

(ग) एक्काइस वर्ष उमेर पूरा भएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) बालअधिकार हनन् तथा भ्रष्टाचारको कसूरमा सजाय नपाएको,

(च) सरकारी तथा अर्द्धसरकारी निकायसँग कुनै बाँकी बक्यौता नरहेको,

(छ) नियुक्त हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको,

(३) बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सदस्य-सचिवको रूपमा काम गर्नेछ ।

(४) उपनियम (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म वा कुनै कारणले सो पद रिक्त भएको अवस्थामा प्रत्येक स्थानीय तहले महिला तथा बालबालिकासम्बन्धी विषय हेर्ने कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ ।

(५) नगरपालिकामा नियुक्त हुने बालकल्याण अधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा अधिकृतस्तर छैठौं तह र गाउँपालिकामा नियुक्ति हुने बालकल्याण अधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सहयकस्तर पाँचौ तह सरह हुनेछ ।

८२. **बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :** ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजनाअनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र

उमेश चन्द्र यादव
अध्यक्ष

स्थानीय बालअधिकार समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

(ग) स्थानीय तहभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्थासम्बन्धी तथ्याङ्क संकलन र विश्लेषण गरी अद्यावधिक प्रतिवेदन तयार गर्ने,

(घ) स्थानीय तहका जोखिममा परेका, विशेष संरक्षण र वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, बाबुआमालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने,

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बालअधिकार समितिसमक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने,

(च) बालबालिकाविरूद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(छ) स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने,

(ज) स्थानीय तहमा भएका बालअधिकार उल्लङ्घनसम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षणसम्बन्धी कार्य गर्ने,

(झ) बालबालिकाको संरक्षक नियुक्तिको लागि प्रचलित कानूनबमोजिम अदालतमा निवेदन दिने,

(ञ) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने,

(ट) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

(ठ) बालबालिकाको गोपनीयताको हकको उल्लङ्घन नहुने गरी प्रचलित कानूनबमोजिम प्रकाशित गर्नु पर्ने सूचना तथा प्रतिवेदन स्थानीय बालअधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बालअधिकार समिति र परिषद (राष्ट्रिय बालअधिकार परिषद) मा पेश गर्ने,

(ड) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने,

(ढ) स्थानीय तहमा बालश्रम, बालविवाह जस्ता समस्याको अन्त्य गर्न बालमैत्री विद्यालय, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ण) स्थानीय बालअधिकार समितिबाट प्रत्ययोजित अन्य काम गर्ने ।

**८३. समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत र नियुक्त गर्ने :** (१) ऐनको दफा ६२ को उपदफा (२) बमोजिम समाजसेवी तथा बालमनोविज्ञलाई सूचीकृत गर्नका लागि स्थानीय बालअधिकार समितिले एक्काइस दिनको म्याद दिई स्थानीइ तहमा सञ्चालनमा रहेका सार्वजनिक

सञ्चार माध्यमद्वारा सार्वजनिक सूचना जारी गर्नु पर्नेछ र त्यस्तो सूचना स्थानीय तहको सूचनापाटीमा टाँस गरी वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको सूचनाअनुसार देहायबमोजिमको योग्यता भएका समाजसेवी तथा बालमनोविज्ञले सोही सूचनाले तोकेका कागजात तथा व्यक्तिगत विवरणसहित स्थानीय बालअधिकार समितिमा सूचीकृत हुन निवेदन दिनु पर्नेछ :

(क) नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिकाविरूद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) असल चरित्र भएको,

(घ) समाजसेवीको रूपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको र सामाजिक कार्यसम्बन्धी विषयमा कम्तिमा एक महिना तालीम प्राप्त गरेको,

(ङ) बालमनोविज्ञको रूपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको ।

(३) उपनियम (२) बमोजिमको निवेदन र कागजात जाँच गर्दा योग्यता पुगेका निवेदकलाई समाजसेवी वा बालमनोविज्ञको रूपमा स्थानीय बालअधिकार समितिले सूचीकृत गर्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचीकृत समाजसेवी वा बालमनोविज्ञलाई बालसंरक्षणसम्बन्धी कार्य र सेवा प्रवाहको कार्यभारको आधारमा स्थानीय बालअधिकार समितिको सिफारिसमा स्थानीय तहले आवश्यकत संख्यामा नियुक्त गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम समाजसेवी तथा बालमनोविज्ञको नियुक्ति प्रक्रिया र छनौटको आधार स्थानीय कानूनबमोजिम हुनेछ ।

(६) ऐन तथा यस नियमावलीमा उल्लिखित काम, कर्तव्यका अतिरिक्त बालबालिकाको हकहितसँग सरोकार राख्ने स्थानीय बालअधिकार समितिले तोकेको काम समाजसेवी तथा बालमनोविज्ञले गर्नेछ ।

(७) उपनियम (४) बमोजिम नियुक्त हुने समाजसेवी तथा बालमनोविज्ञको सेवाका शर्त तथा सुविधा स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

अनुसूची-३ : प्रतापपुर गाउँपालिकामा बालबालिकाका मुख्य सवालहरू

*(चैत्र ११ देखि १३, २०७९ मा कावासोती, नवलपरासीमा आयोजित प्रतापपुर गाउँपालिकाको जनप्रतिनिति एवं कर्मचारी, साझेदार संस्था-इन्द्रेणी समाज विकास केन्द्र र युनाइटेड मिसन टु नेपालका प्रतिनिधि र अन्य सरोकारवालासँगको कार्यशाला गोष्ठीमा पहिचान गरिए बमोजिम...)*

**क) बालस्वास्थ्य र पोषण**

- गर्भवती महिला र बालबालिकामा कुपोषण (खासगरी दलित र मुसहर वस्तीमा गर्भवती महिलाहरू स्वास्थ्य संस्थाले दिने सेवाबाट बञ्चित भएका पाइन्छन् जसको कारण कतिपयमा मानसिक समस्या देखिएको । र, कतिपय समुदायमा विहान बेलुकी खाने समस्य छ भने बालबालिकाले पत्रु खाना खाने),
- कतिपय समुदायमा स्वास्थ्य संस्था वा दक्ष स्वास्थ्यकर्मीकहाँ नगई घरमा नै बच्चा जन्माउने प्रचलन (जसको कारण शिशुको मृत्युसम्मको जोखिम रहेको),
- बालबालिकामा मानसिक समस्या देखिएको (बालिकाहरूमा हिस्टेरिया र बालकहरूमा कुलतान फसेका र उचित पुनर्स्थापना हुन नसकेकाले गर्दा) ।

**ख) बालबालिको शिक्षाको अधिकारसम्बन्धी सवाल**

- विद्यालयको पढाइ बीचमै छाड्ने दर अत्याधिक (खासगरी श्रम गरी पैसा कमाउनको लागि पढाइ छोड्ने बालबालिकाको संख्या धेरै छ । तर, दिवा खाजा कार्यक्रमले भने साना कक्षाका विद्यार्थीलाई केही हदमा विद्यालयमा रोकेको छ),
- अपाङ्गता भएका बालबालिका शिक्षाबाट बञ्चित (परिवार, विद्यालयमा भौतिक संरचना एवं सहयोगी वातावरणको अभाव अनि बौद्धिक अपाङ्गता भएका तथा बहिरा बालबालिकालाई विद्यालय नपठाइने),
- नीजि विद्यालयमा चर्को शुल्कको कारण आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तनावमा रहन बाध्य,
- मुस्लिम समुदायका बालिकाहरू मदरसामा मात्र अध्ययन गर्ने र विद्यालयमा नआउने,
- विद्यालयमा बालमैत्री शिक्षण-सिकाइ पद्धति नभएको कारण गुणस्तरीय सिकाइमा कमी ।

**ग) बालसंरक्षणसम्बन्धी सवाल**

- बाल विवाह (मागी/भागी विवाह) र बहु विवाह (जात, धर्म, उमेर नमिल्दो गरी । विशेषगरी किशोरीहरू र मुस्लिम समुदायका बालिका त्यस्तो जोखिममा रहेका),
- बाल श्रम (चिया पसल, होटल, रेष्टुरेन्ट, सर्कस, आर्केस्ट्रा, नीजि कलकारखानामा सस्तो श्रमका रूपमा बालबालिका प्रयोग हुने र यी बालबालिका शिक्षाबाट बञ्चित भएको पाइन्छ भने अर्कोतिर आर्थिक शोषणमा परेको पाइन्छ),
- बालबालिकामाथि भेदभाव (बालिकालाई घरको काममा बढी लगाइने), दुर्व्यवहार, हिंसा (घरेलु हिंसासमेत), यातना तथा वेवास्ताको स्थिति रहेको (बालबालिकाको अधिकार हनन भएका घटना, बाल विवाह, बालश्रम तथा बालबालिका शिक्षाबाट बञ्चित भएको अवस्थालाई जिम्मेवार निकायले अनदेखा गरेको),
- बालिकामाथि यौनदुर्व्यवहार भएका घटना (परिवार भित्रै र समुदायमा),
- बालबालिका कुलत तथा दुर्व्यसनमा फसेको (विद्यालय उमेरका बालबालिकासमेत धुमपान, मादक पदार्थ, लागुपदार्थको दुर्व्यसन तथा ओसारपसारमा संलग्न भएको पाइन्छ),
- बालबालिकाको बेचविखन (खासगरी यौनशोषण, अङ्ग झिक्न र जोखिमपूर्ण/निकृष्ट प्रकृतिको श्रममा लगाउन),

उमेश चन्द्र यादव
अध्यक्ष

- इन्टरनेटको गलत प्रयोगबारे सचेत नहुनु तथा अनलाईन सुरक्षा जोखिमले गर्दा धेरै बालबालिका दुर्व्यवहारमा परेको,
- बालबालिकाले आत्महत्या गरेका घटना पाइएको,
- मुस्लिम समुदायमा परम्परागत हानिकारक अभ्यासको रूपमा यौनअङ्ग छेदन र अन्य समुदायमा दाइजो प्रथा विद्यमान रहेको ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

**घ) बालबालिकाको विचार अभिव्यक्ति र सहभागिताको अवसर**

- बालबालिकालाई विचार अभिव्यक्त गर्नको लागि उचित अवसर उपलब्ध नरहेको,
- अर्थपूर्ण सहभागिता नभएको (परिवारतहदेखि समुदायस्तरसम्म, स्थानीय तहको नीति तथा योजना तर्जुमा प्रक्रियामा) ।

**ङ) बालबालिका लक्षित सेवा सुविधामा सर्वसुलभता**

- जन्मदर्ता (बाल विवाहको कारण र त्यस्तो विवाहबाट भएको जायजन्मको हकमा जन्मदर्ताको समस्या रहेको । जसको कारण राज्यको सेवा, सुविधा र विद्यालय भर्नामा समस्या भएको),
- अपराधबाट पीडित वा प्रभावित बालबालिकाको न्यायमा पहुँच सहज नभएको,
- समुदाय तथा अभिभावकमा बालअधिकारबारे पर्याप्त चेतना नभएको,
- गाउँपालिकामा बालबालिकासम्बन्धी नीति तर्जुमा भई कार्यान्वयन गर्न नसकिएको,
- अपाङ्गता भएका आमाबाबुका बालबालिकाको हेरचाहमा वेवास्ता हुने गरेको (र, गाउँपालिकाले पनि यस्ता परिवारका बालबालिकालाई लक्षित सहयोग गर्न नसकेको) ।

**च) विपद् र बालबालिकाको सवाल**

- विपद्को योजना तर्जुमा गरिँदा बालबालिकाको सवाललाई उचित सम्बोधन गर्न नसकिएको ( खासगरी विपद्को पूर्वतयारी र प्रतिकार्यमा भिन्न उमेर र अवस्थाका बालबालिकालाई लक्षित योजना तय गर्न नसकिएको) ।

***

उमेश चन्द्र यादव
अध्यक्ष